# गाउँ शिक्षा विकास गुरुयोजना

२०७७/०७८-२०८७/०८८

## मेल्लेख गाउँपालिका कार्यालय

## मेल्लेख,अछाम

## २०७७

## कार्यकारी सारांश

मानवीय जीवननिर्वाह गर्न सचेत प्रतिस्पर्धी तथा दक्ष जनशक्ती उत्पादन गरी समाज तथा देशको विकास गर्नका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समाज तथा राष्ट्रको दिगो, शान्ति सुशासन, विकास तथा समृद्धिका लागि शिक्षाले महत्वपुर्ण भूमिका खेलेको छ । यस कारण शिक्षालाई वैज्ञानिकरण, प्रतिस्पर्धी, व्यवसायिक तथा जीवन निर्वाहमुखी बनाईनु पर्दछ ।

विशेष गरी नेपालले केही दशकदेखी शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गरेको भएपता पनि बालवालिकाको गुणात्मक शिक्षा तथा उनीहरुको सिकाई उपलब्धीमा अपेक्षित नतिजा हाँसिल गर्न सकेको छैन । अझै पनि धेरै जोखिम तथा अपाङ्गता भएका बालवालिका विद्यालयको पहुँच भन्दा बाहिर रहेका छन। यसकारण यस गाउँपालिकाले जोखिम तथा अपाङ्गता तथा अन्य सबै खाले बालवालिकाहरु लाई विद्यालयको पहुँचमा ल्याई गुणस्तरीय तथा समतामूलक शिक्षा प्रदान गर्दै, बालवालिकाको कक्षा छोड्ने तथा कक्षा दोहोर्‍याउने दरलाई न्युनीकरण गरी बालवालिकाको सिकाई उपलब्धी,तह पुरा गर्ने दरमा वृद्धि गरि समग्र मेल्लेख गाउँपालिकाको शैक्षिक सुधार गरी जिल्लाको शिक्षा क्षेत्रको अग्रणी गाउँपालिका बनाउने उद्धेश्यका साथ यस शिक्षा योजना तयार गरिएको हो ।

संविधान प्रदत्त  अधिकारको प्रयोग तथा कार्यान्वयन गर्दे जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले सबै नागरिकलाई समतामूलक,गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा प्रदान गर्नु  सरकारको दायित्व हुन आउदछ।  नेपालको संविधान २०७२ ले देश संघिय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि देशमा तीन तहको सरकार क्रियाशिल रहेका छन। यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकार हरु  बाँडफाँड  गरिएका छन । संविधानको अनुसूची ५ मा संघीय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसुची ६ मा प्रदेश सरकारको अधिकारको सूची उल्लेख गरेको छ । संविधानको अनुसूची ७ मा संघ र प्रदेशले प्रयोग गर्ने संयुक्त अधिकारका सुँचि समेटिएका छन । संविधानको अनुसूची ८ मा २२ वटा विषय समेटी स्थानीय तहको अधिकारको सूची उल्लेख गरिएको छ । संविधानको अनुसूची ९ मा उल्लेखित संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरेको छ जसमा साझा सूचीको रुपमा शिक्षा खेलकुद तथा पत्रपत्रिका उल्लेख रहेको छ भने शिक्षा सबै तहका सरकारको साझा अधिकारको रुपमा रहेको छ ।

अनिवार्य तथा  निःशुल्क आधारभुत शिक्षा ऐन २०७५ तथा यस सम्बन्धि नियमावली २०७७, राष्ट्रिय शिक्षा निती २०७६ तथा बालवालिका ऐन पनि कार्यान्वयनमा आईरहेका छन  । यी सबै ऐनले संविधानले प्रत्याभुत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्यिन गर्न सहजीकरण गरेको छ ।
यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्यिन गर्न सहमति जनाएको अवस्था रहेको छ उक्त दिगोविकासका १७ वटा लक्ष्यहरु निर्धारण गरेको र लक्ष्य नं.४ शिक्षा संग सम्बन्धित छ । चौथो उदेश्यमा सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको  सुनिश्चितता तथा आजीवन

सिकाईका अवसरहरुमा प्रोत्साहित गर्ने उद्धेश्य राखेको छ । नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौ पञ्च वर्षिय योजनामा शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ ।

यी माथि उल्लेखित संवैधानिक अधिकार, नीति नियम तथा योजनाको कार्यान्वयन गरी सबै बालवालिका तथा व्यक्तिलाई समतामुलक, समावेशी, गुणात्मक तथा जीवन पर्यन्त शिक्षाको सुनिश्चितता गर्न तथा  हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधि २०७८ असारमा मात्र रहेको छ र गाउँपालिकामा पनि शिक्षाको समग्र विकासका लागि शिक्षा क्षेत्रको योजना हाल सम्म वनी नसकेको हुँदा यस गाउँपालिकाले  २०७८ देखि २०८७ सम्मको १० वर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको छ ।

# परिच्छेद १: परिचय

## १ पृष्ठभूमी

शिक्षा मानवको तेश्रो नेत्र हो । र नैर्सगिक अधिकार पनि हो । विश्व विकासको इतिहासलाई नियालेर हेर्दा मानव विकास र समाज परिवर्तनको मेरुदण्डको रुपमा शिक्षा लाई लिने गरिन्छ । Charity based वाट Right Based शिक्षा अवधारणाको विकास संगै शिक्षा सवैको चासो चिन्ता र प्राथमिकताको विषय बनेको छ । नेपालक्ले विश्व शिक्षा मञ्च लगायतका शिक्षा फोरमहरुमा गरेका सवैका लागी शिक्षा तथा शिक्षाको पहुँच सुनिश्चितता सम्बन्धीका प्रतिवद्धता हरु लाई कार्यन्वयन गर्न Seti Project ,BPEP I and BPEP II Secondary education support programme SSSRP SSDP लगायतका विविध componet हरु कार्यन्वयनमा ल्याइसकेको छ । यसका अतिरिक्त नेपालको संविधान २०७२ ले समेत शिक्षा लाई मौलिक हकको रुपमा उल्लेख गरि अनिवार्य तथा निशुल्क विद्यालय  शिक्षा सुनिश्चित  गरेको छ । र ति मौलिक हकको कार्यन्वयनको जिम्मेवारी तथा दायित्व संघ,प्रदेह तथा स्थानिय सरकारको रहेको छ । नेपाल सरकारले इन्चोन घोषण, SDGs MCGs का दस्तावेजहरुले कार्यन्वयनमा जोड दिएको छ । तर सिमित स्रोत साधन तथा असिमित आवश्यकताका कारण  यस मेल्लेख गाँउ पालिकाले यि सवै कार्यक्रमहरु को प्रभावकारी कार्यान्वयन लाई चुनौतिका रुपमा लिइरहेको छ । यसका लागि संघ प्रदेश तथा अन्य निकाय संग समन्वय र सहयोग जुटाउन समेत यो गाउ पालिका प्रयासरत रहेको छ । वर्तमान शिक्षा प्रणालीका शिक्षक विद्यार्थी व्यावस्थापन , प्रशासन,नेतृत्व पाठ्यक्रम ,पाठ्यपुस्तक,लगानी पठन पाठन प्रक्रिया  मुल्यांकन प्रणाली दलीयकरण राजनैतिक भाग वण्डा र पढेको वा शिक्षित व्यक्तिहरुको क्षमता उपर हामीले धेरै थोरै आलोचना गरेउ र गर्दै पनि छौ । अर्थात शिक्षामा गुणस्तरीय सुधार हुन सकेन यसै विच संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकार लाई प्रारम्भिक वाल विकास शिक्षा ,औपचारिक शिक्षा आधारभुत तथा माध्यामिक तहको शिक्षाको जिम्मेवारी दिइएको छ । यसैमा प्रादेशिक तथा संघिय सरकार लाई उच्च शिक्षाको निम्मेवारी तोकिएको छ । यस स्थितीमा नेपालको शिक्षा लाई कसरी व्यावहारीक जिवनोपयोगी र वैज्ञानिक र रोजगार उन्मुख गुणस्तरीय जनमुखी जिवनोपयोगी समालोचकीय क्षमता सहितको अनुसन्धानमुलक एवंम पूर्विय दर्शन तथा ज्ञान र यस मेल्लेख गाँउ पालिकाका विविध कला संस्कृती ज्ञान सीप तथा परम्परागत प्रविधि धार्मिक तथा जनज्ञान आदी संग जोडिदै पश्चिमी प्रविधिका विकास ज्ञान तथा सीपको पनि भरपुर प्रयोग गर्न सक्ने विद्यार्थी उत्पादन गर्ने भन्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ । स्वदेशी तथा विदेशमा जहाँ रहेका भएपनि यस गाँउपालिकाका वाल वालिका तथा युवाहरुले जन्मजात शिक्षा पाउने हक कसरी सुनिश्चित गर्ने भन्ने कुराको पनि उत्तीकै जरुरी छ । राज्यको पुर्नसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुसार आफ्नो सेवा क्षेत्रको शिक्षाको विकास आफै गरौं भन्ने आज नगरे कहिले गर्ने हामीले नगरे कसले गर्ने भन्ने मूल नारा र उदेश्यका सात स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि र विद्यालयको समग्र पक्षको सुधार विद्यालय शिक्षामा लगानी तथा गुणस्तर कायम गर्न विद्यालय सुधार योजनाले उल्लेखनीय भूमिका

खेलेको हुन्छ । तसर्थ यस गाँउपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालय हरुको SIP तयार गरी कार्यन्वयमा आएको अवस्था छ SIP लाई विश्लेषण गरी त्यसमा पनि आधारित गाँउ शिक्षा योजना तयार पार्ने प्रयास गरिएको छ ।

## १.१ मेल्लेख गाउँपालिकाको  परिचय

नेपालको सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको उत्तर भागमा अवस्थित मेल्लेख गाउँपालिका, मुलुकमा संघीयता स्थापना संगै मन्त्री परिषदको मिति २०७३/११/२२ को निर्णयानुसार मिति २०७३/११/२७ मा साविकका विन्धेवासिनी गा.वि.स, कुस्कोट गा.वि.स., नन्देगडा गा.वि.स, शोडषादेवी गा.वि.स.ऋषिदह गा.वि.स. ठाँटी गा.वि.स.र हात्तिकोट गा.वि.स.समायोजन भई मेल्लेख गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल १३४.७८ वर्ग किलोमिटर रहेको छ । यस गाउँ पालिकामा ८ वडा रहेका छन् । जिल्ला सदरमुकाम मंगलसेन वाट ९ कोष टाढा रहेको यस गाउँपालिकाको मुख्यालय समुन्द्र सतह देखी १६९८ मिटरको उचाँइमा रहेको छ । १९१५' देखी २९१५'उत्तरी अक्षांश र ११११' देखी ८९१७' पूर्वि देशान्तरमा अवस्थित यस गाउँपालिकाको केन्द्र वडा नं ५ स्थित साविक विन्देवासिनी गा.वि.स. को कार्यालयमा अवस्थित छ । यस गाँउपालिकाको वडा न ५ मा अवस्थित मेल्लेख बजार यस गाउँपालिकाको प्रमुख व्यापारिक केन्द्र (बजार) हो । यस गाँउपालिकाको मुख्य कृषि उत्पादन मकै, धान, आलु,उखु , तेलहन, दलहन आदि हो ।  धार्मिक दृष्टिकोण यस गाउँ पालिकामा  ऋषिदह,मैठामाणु,वेतलमाणु  नन्दामाता,छोटी मालिका,लादेगडा जस्ता धार्मिक महत्व बोकेका ऐतिहासिका सम्पदा रहेका छन ।

### भौगोलिक अवस्थिति

सुदुरपश्चिम प्रदेशको अछाम जिल्लाको उत्तरी भागमा अवस्थित यस मेल्लेख गाउँ पालिकाको पूर्वमा रामारोशन गाउँ पालिका पश्चिममा साँफेवगर नगरपालिका उत्तरमा वान्निगढी जयगड गाँउपालिका र दक्षिणमा वाजुरा जिल्ला रहेको छ । यस गाउँपालिकाको कूल क्षेत्रफल १३४.७८ वर्ग किलोमिटर रहेको छ । यस गाउँ पालिकामा ८ ओटा वडा रहेका छन् । जिल्ला सदरमुकाम मंगलसेन बाट ९ कोष टाढा रहेको यस गाउँपालिकाको मुख्यालय समुन्द्र सतह देखि १६९८ मिटरको उचाँइमा रहेको छ । १९१५' देखी २९१५'उत्तरी अक्षांश र ११११' देखि ८९१७' पूर्वि देशान्तरमा अवस्थित यस गाँउपालिकाको रीष्ट्रिय जनगणना २०६८ अनुसार  जम्मा जनसंख्या २४६७० रहेको छ ।

### सामाजिक बनौट

यस गाँउपालिकामा खास गरी ब्राहमण, क्षेत्रीका विभिन्न जातजाती जस्तै,साउद,बुढा,अधिकारी ,खड्का,बोहरा,ठकुल्ला,धामी,रावल,नायक,कडायत,खत्री,खाती,कुमाल,महर,कुवँर शाही,शाह बोगटी,विष्ट ठकुरी, र दलितका विभिन्न जात जातीहरु जस्तै विश्वकर्मा,भुल,लुहार,नेपाली,दमाई,आउजी,सार्की,चदारो,कामी,ढोली आदि जातीको मिश्रित वसोवास रहेको छ । यस गाँउपालिकाको वासिन्दाहरुको मुख्य वोलचालको भाषा नेपाली हो  भने मुख्य पेशा कृषि हो । यस गाँउपालिको मुख्य नगदे बाली मकै, आलु र भटमास हो ।

### मेल्लेख गाउँपालिकाको शैक्षिक अवस्था :

शैक्षिक सत्र २०७७ साल अनुसार यस पालिकामा जम्मा ४१ वटा विद्यालय र ३७ वटा बालविकास केन्द्रहरु संचालनमा रहेका छन । तपशिल बमोजिम तहगत विद्यालय संचालन भईरहेका छन ।

| जम्मा विद्यालय | कक्षा १ देखि ३ | कक्षा १ देखि ५ | कक्षा ६ देखि ८ | कक्षा९, १० | कक्षा ११, १२ | बालविकास | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | विद्यालयमा आधारित | समुदायमा आधारित |
| ४१ | ८ | १५ | ७ | ९ | ३ | २८ | ९ |

**मेल्लेख गाँउ पालिका अर्न्तगतका विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण**

| | प्रारम्भिक बालविकास | प्रारम्भिक कक्षा (१–३) | प्राथमिक कक्षा १–५) | निम्न माध्यमिक ६–८ | माध्यमिक (९–१०) | | **उच्च माध्यमिक कक्षा १० + २** | उच्च शिक्षा | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | साधारण | प्राविधिक | | | |
| लैगिंकताको आधारमा | | | | | | | | | |
| छात्रा | ३८३ | १३३५ | २०८७ | १०७४ | ६३७ | | १३८ | 69 | ५५ |
| छात्र | ३८६ | १२३९ | १०६२ | १०५८ | ५३२ | | १४९ | 75 | ४७ |
| जनजातिका आधारमा | | | | | | | | | |
| ब्राम्हण/क्षेत्री | ५७५ | | २३३१ | १२७१ | ७८६ | | २२९ | | |
| छात्रा | २९४ | ७८५ | १२३८ | ६४४ | ४४३ | | ११७ | | |
| छात्र | २८१ | ११३५ | १०९३ | ६२७ | ३४३ | | १२२ | | |
| | १ | १ | ० | १ | १ | | ० | | |
| छात्रा | 0 | 0 | १ | 0 | १ | | ० | | |
| छात्र | १ | १ | ० | १ | ० | | ० | | |
| दलित | १७२ | ७१२ | ११३४ | ५२७ | २३७ | | ५८ | | |
| छात्रा | ७६ | ३५९ | ५७२ | २६१ | १०९ | | २१ | | |
| छात्र | ९६ | ३५३ | ५६२ | २६६ | १२८ | | ३७ | | |
| अन्य | २१ | ३९१ | ५८३ | ३३३ | १४५ | | ० | | |
| छात्रा | १३ | १९१ | २७७ | १६८ | ८४ | | ० | | |
| छात्र | ८ | २०० | ३०६ | १६५ | ६१ | | ० | | |

**शिक्षकको विवरण**

| तह/किसिम | स्थायी | | | राहत | करार | तहगत जम्मा |
|---|---|---|---|---|---|---|
| | प्रथम | द्धितीय | तृतीय | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मा.वि तह(कक्षा ११-१२) | | | | | १२ | १२ |
| माध्यमिक तह (९-१०) | | | ५ | १४ | | १९ |
| नि.मा. तह (६-८) | | | ८ | १० | २ | २० |
| प्राथमिक तह (१-५) | | १९ | ३१ | ४१ | १४ | १०५ |
| बाल विकास | | | | | ३७ | ३७ |
| कर्मचारी | | | | | ९ | ९ |
| सहयोगी | | | | | ४३ | ४३ |
| जम्मा | | १९ | ४४ | ६५ | ११७ | २४५ |

**शिक्षकको विवरण पालिका स्रोतवाट तलव भत्ता खाने**

| तह/किसिम | स्थायी | | | राहत | करार | तहगत जम्मा |
|---|---|---|---|---|---|---|
| | प्रथम | द्धितीय | तृतीय | | | |
| मा.वि तह(कक्षा ११-१२) | | | | | ० | ० |
| माध्यमिक तह (९-१०) | | | | | ११ | ११ |
| नि.मा. तह (६-८) | | | | | २५ | २५ |
| प्राथमिक तह (१-५) | | | | | ३० | ३० |
| जम्मा | | | | | ६६ | ६६ |

केही दशक यता शिक्षाको विस्तार तथा शैक्षिक सुधार उल्लेखनीय रहेको छ । बालबालिकाको कुल भर्नादर, खुद भर्नादर तथा साक्षरता दर उत्साहजनक रहेको छ। वि.सं. २०७७ सालको तथ्याङ्क अनुसार कक्षा १को कुल भर्नादर ९६.२२ र खुद भर्नादर १६९.४१ रहेको छ। त्यसैगरी कक्षा १ देखि ५ सम्मको खुद भर्ना दर १३२.८९, कुल भर्नादर ९७.२१ रहेको छ, कक्षा १ देखि ८ सम्मको खुद भर्नादर ११९.२४ र कुल भर्नादर ९७.२१ रहेको छ। कक्षा १ देखि ८ को खुद भर्नादरमा लैङ्गिक समता सुचकाङ्क ०.९६ प्रतिशत रहेको छ । त्यसै गरी माध्यमिक तह(९–१२) खुदभर्नादर ८५.८४ र कुल भर्नादर ४४.४६ रहेको छ। विद्यालय भन्दा बाहिर रहेका (५ देखि १२) उमेरका २४१ जना रहेका छन ।

यस गाउँपालिकामा कक्षा ८ को टिकाउ दर ८१.८ तथा कक्षा १० मा ५५.४ प्रतिशत रहेको छ । आधारभुत तह पुरा गर्ने बालवालिकाको संख्या ७१.९ प्रतिशत रहेको छ । यस गाउँपालिकामा महिला शिक्षकको प्रतिशत आधारभुत तहमा १४.५७ र माध्यमिक तहमा २.३३ प्रतिशत रहेको छ ।

सामुदायिक विद्यालयमा जम्मा पक्की भवन १४७ वटा रहेका छन । विद्यालयमा Book Corner २० वटा, कक्षा १ देखि ३ सम्म ५० वटा किताब भएका विद्यालयको संख्या ४१ वटा रहेका छन । त्यसैगरी बिद्यालयमा ४ वटा पुस्तकालय, ५ वटा विज्ञान प्रयोगशाला १७ वटा कम्प्युटर प्रयोगशाला, इन्टरनेट सुविधा भएका ४ वटा विद्यालय रहेका छन । यस गाउँपालिका अर्न्तगतका विद्यालयमा जम्मा ८१ वटा शौचालय रहेका छन जसमध्ये ३३ वटा छात्रा शौचालय, ४८ वटा छात्र शौचालय र महिला शिक्षकका लागि ६ वटा तथा पुरुष शौचालय ८ वटा रहेका छन । विद्यालयमा खानेपानीको ३३ वटा धारा रहेका छन ।

## १.२ मेल्लेख गाउँपालिकाले शिक्षा क्षेत्रमा गरिएको उत्तम अभ्यासहरु :

मेल्लेख गाउँपालिकाले शिक्षा गुणस्तर सुधार गर्न बिभिन्न कार्यक्रम संचालन गर्दै आईरहेको छ । बिद्यालयको भौतिक संरचना निर्माण तथा आन्तरिक तथा बाह्य बातावरण सुदृढ गर्दै बालबालिकाको उच्चतम सिकाई वृद्धि गर्न तथा समग्र गाउँपालिकाको शैक्षिक सुधारका लागि प्रयत्न गरिरहेको छ ।

**अपुग शिक्षकको व्यवस्थापनः**

यस गाउँपालिकामा शिक्षक दरबन्दी पर्याप्त नभएका कारण एकै शिक्षकले धेरै कक्षा संचालन गर्नुपर्ने अवस्था रहेको थियो जसका कारण बालवालिकाको प्रत्यक्ष पठनपाठनमा प्रभाव पारेको देखिन्छ । यसकारण यस गाउँपालिकाले स्थानीय तहको शिक्षक पदपूर्ति गर्नका लागि कार्यविधि तयार गरी स्थानीय तह स्तरमा दरबन्दी कायम गरी आवश्यक पर्ने शिक्षकको पदपूर्ति गरेको छ ।

**शिक्षकको क्षमता अभिवृद्धि कार्यक्रम :**

शिक्षकलाई पर्याप्त ज्ञान तथा क्षमताको कमी भएमा कक्षाकोठाको शिक्षण सिकाई प्रभावकारी हुदैन त्यसको प्रत्यक्ष असर गुणस्रीय शिक्षामा परेको देखिन्छ र समयानुसार नयाँ प्रविधि आईरहेको अवस्थामा त्यस्ता प्रविधिमा शिक्षकको क्षमता विकास गरी शिक्षण क्रियाकलापमा गुणस्तर कायम गर्ने कुरालाई आत्मसाथ गर्दै यस गाउँपालिकाले सबै शिक्षकलाई पेशागत क्षमता विकास सम्बन्धि तालिम संचालन गरेको छ । प्रारम्भिक कक्षा पढाईको प्रभावकारीता कार्यान्वयन गर्नका लागि प्रारम्भिक कक्षाका शिक्षकलाई २ दिने तालिमको आयोजना गरिएको थियो । जसले गर्दा यस मेल्लेख गाउँपालिकामा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम थप प्रभावकारी रुपमा कार्यान्वय भएको **अपेक्षा** गरिएको छ ।

**विद्यालयको गुणस्तरीय शिक्षाका लागि शिक्षक, अभिभावक तथा विद्यार्थी बीच अन्तरक्रियाः**

विद्यालयको शैक्षिक सुधारका लागि अभिभावक, शिक्षकको तथा बालवालिकाको **सहभागीता** तथा शैक्षिक सुधारका लागि उनीहरुसंग अन्तरक्रिया कार्यक्रम संचालन गरेको छ । यसले गर्दा शैक्षिक सुधारमा

महत्वपुर्ण योगदान पुऱ्याएको छ । त्यसैगरी विद्यालयको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने तथा नियमित रुपमा प्र.अ. बैठकमा शैक्षिक सुधारका लागि  छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएका छन ।

**प्रारम्भिक कक्षामा पुस्तकालयको स्थापना :**

बालवालिकाको थप अध्ययन सामग्रीको उपलब्धता गरी कक्षा १ देखि ३ सम्मका कक्षा पुस्तकालय स्थापना गरिएको छ । साथै यी सामग्रीको प्रयोग तथा व्यवस्थापनका बारेमा शिक्षकलाई तालिम प्रदान गरिएको छ । कक्षाकोठामा पुस्तकालय स्थापनाले गर्दा बालवालिकाको थप अध्ययनका लागि सहयोग गर्नुका साथै बालवालिकाको पठन सीप बृद्धिका लागि पनि सहयोग पुऱ्याएको छ ।

**गरीब तथा जेहेनदार बालवालिकाको शिक्षाका लागि छात्रवृत्ति तथा शैक्षिक साम्रगी सहयोग**

कोही पनि बालवालिकाको आर्थिक अभाव तथा शैक्षिक सामग्रीको कमीले गर्दा विद्यालय तहको शिक्षाबाट बञ्चित हुने अवस्था सिर्जना नहोस भन्ने हेतुले यस गाउँपालिकाले हरेक वर्ष गरीब तथा जेहेन्दार बालवालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गरिरहेको छ । उक्त सहयोगले गरीब तथा जेहेन्दार बालवालिकाको शिक्षामा निरन्तरता भएको देखिन्छ ।

**उत्कृष्ट बालविकासलाई पुरुस्कार :**

बालविकास केन्द्रहरुलाई  थप हौसला प्रदान गर्न नमुना योग्य  राम्रो काम गर्नका लागि उत्प्रेरणा मिलोस भनी यस गाउँपालिकाले उत्कृष्ट बालविकास केन्द्रद्रलाई रु १००००। उपलब्ध गराएको छ ।

## १.३ विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरु :

- धेरै प्रारम्भिक बालविकास केन्द्रले न्युनतम मापदण्ड पुरा गरिएको देखिएको छैन यसका लागि यस गाँउपालिकाले बालविकास केन्द्रको गुणस्तर सुधार गर्नका लागि बिभिन्न कार्यक्रम संचालन गरी गुणस्तर सुधार गरिने छ ।
- सबै बालवालिका विशेष गरी जोखिममा रहेका तथा अपाङ्गता भएका बालवालिकाहरु बालविकास केन्द्रको पहुँमा आउन सकिरहेका छैनन् र यसका लागि गाँउपालिकाले सबै बालवालिकाको प्रारिम्भक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्नेछ ।
- आधारभुत तहका विद्यालयले न्युनतम आवश्यकताहरु पुरा गरेको देखिदैन ।
- आधारभुत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा प्रभावकारी रुपमा कार्यान्वियन भएको छैन ।
- विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने दर धेरै हुनु ।
- आधारभुत तह पुरा गर्ने बालवालिकाको संख्या न्युन हुनु ।
- जोखिममा रहेका, भौगोलिक विकटता तथा अपाङ्गता भएका बालवालिका विद्यालयको पहुँच भन्दा बाहिर हुनु ।

- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाई वातावरणको कमी हुनु ।
- आधारभुत तहमा बालवालिकाको सिकाई उपलब्धी अत्यन्त न्यून हुनु ।
- माध्यमिक तहको शिक्षा अनिवार्य र प्रभावकारी कार्यान्वयन नहुनु ।
- सबै विद्यालयमा सूचना, प्रविधि तथा सञ्चारको पहुँच छैन ।
- माध्यमिक तहमा प्राविधिक शिक्षाका पहुँच विस्तार तथा गुणस्तरमा अभिवृद्धि गरी प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ बनाउन नसक्नु ।

### १.४ यस गाउँपालिकामा शिक्षाका अवसरहरु

- गाउँपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि आवश्यक नीति, नियम निर्माण तथा बजेटको व्यवस्थापन गर्नसक्नु ।
- शिक्षा गुणस्तर सुधारका लागि जस्तै शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्रीमा सहयोग गरेको छ ।
- शिक्षक पेशागत विकासका लागि पालिका स्तरमा विज्ञ समुह तथा विद्यालय स्तरमा शिक्षक सिकाई समुह निर्माण गर्नु ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा अनिवार्य गर्न कानुनी आधार निर्माण भएको ।

### १.५ योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको आमुल परिवर्तनका लागि व्यवस्थित तथा संरचनागत कार्यक्रम आवश्यकता पर्दछ । यस योजनालाई सर्वस्वीकार्य तथा सबै वर्गको सहभागीता, सुझाव संकलन तथा Input को लागि गाँउशिक्षा योजना निर्माणका लागि तपशिल बमोजिमको प्रक्रिया अवलम्बन गरिएको छः ।

१.जनप्रतिनिधि, शिक्षा शाखा प्रमुख तथा योजना शाखा पदाधिकारीलाई शिक्षा योजना निर्माणका लागि ५ दिन तालिम प्रदान गरिएको थियो । उक्त तालिम मिति २०७७ साल माघ १९ देखि २३ गते सम्म साँफेबगरमा संचालन गरिएको थियो । विशेष गरी योजना निर्माणका विषयमा वृहतर छलफल गरिएको थियो, शिक्षा क्षेत्रको SWOT Analysis गरी पालिकाको अवस्था बिश्लेषण गरी, लक्ष्य, उद्धेश्य, रणनितिहरु पनि तयार गरिएको थियो । उक्त तालिम EGRP II को तर्फबाट आयोजना गरिएको थियो ।

२. गाँउपालिका अध्यक्ष श्री लोक बहादुर बोहराज्युको संयोजकत्वमा गाँउ शिक्षा योजना निर्माणका लागि मुल समिति गठन गरियो तथा त्यस मातहतमा रहने गरी शिक्षा प्रमुख श्री बिरेन्द्र खड्काज्युको संयोजकत्वमा प्राविधिक तथा मस्यौदा लेखन समिति गठन गरिएको छ ।

३. १० वर्षे गाँउशिक्षा योजना निर्माणका लागि कार्यपालिकाको बैठकबाट अनुमोदिन गरिएको छ ।

४. प्राविधिक तथा मस्यौदा समितिका पदाधिकारीहरुलाई गाँउ शिक्षा योजना निर्माण सम्बन्धि अभिमुखीकरण गरिएको थियो ।

५. प्राविधिक तथा लेखन समितिले पहिलो मस्यौदा निर्माण गरी थप सल्लाह सुझावका लागि जननिर्वाचित पदाधिकारी तथा शिक्षा सरोकारवालाहरुसंग मस्यौदा माथि सल्लाह सुझाब संकलन गरेको थियो ।

६. प्राप्त सल्लाह सुझावलाई समेटी गाँउशिक्षा योजनालाई अन्तिम रुप प्रदान ।

७. प्रमाणीकरण तथा गाउँ सभाबाट शिक्षा योजना पारित गरिएको थियो ।

## परिच्छेद : २ गाउँ शिक्षा योजना

### २.१ सन्दर्भ र औचित्य :

देशमा प्रजातन्त्रको पुर्नबाहली भएसंगै शिक्षा आर्जनका लागि बिभिन्न बिद्यालय तथा विश्वविद्यालयको स्थापना भएको देखिन्छ । सर्वसाधारणका लागि शिक्षा आर्जन गर्न सहज वातावरण भएसंगै सरकारले शिक्षासंग सम्बन्धित बिभिन्न नीति तथा कार्यक्रम ल्याएको देखिन्छ । बि.सं. २०१० को नेपालमा शिक्षा नामक योजना कार्यान्वयन भएसंगै शिक्षा प्राप्त गर्न आम नागरिको चासो बढेको देखिन्छ ।

नेपालको शिक्षामा आम नागरिको पहुँचबृद्धि गर्न तथा शिक्षालाई व्यवसायिक तथा प्रतिस्पर्धी बनाउनका लागि शिक्षासंग सम्बन्धित बिभिन्न नीति, नियमतथा परियोजना संचालन भएका छन् । प्राथमिक शिक्षा परियोजना, आधारभुत तथा प्राथमिक शिक्षा परियोजना, आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम, सबैका लागि शिक्षा कार्यक्रम लागु भएका थिए ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा  सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभुत तहको शिक्षा अनिवार्य तथा निःशुल्क ग्यारेन्टी गरेको छ भने माध्यमिक तहको शिक्षालाई अनिवार्य गरेको छ । त्यसैगरी गरीब तथा जोखिममा रहेका बालबालिकाकालाई कानुन बमोजिम निशुल्क शिक्षाको हक प्रदान गरको छ । संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकारको सुचीको क्र.सं.(८) मा आधारभुत र माध्यमिक तहको शिक्षा स्थानीय तहको क्षेत्राधिकार रहेको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज)अनुसार शिक्षाका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा स्थानीय सरकारले अधिकार कार्यान्वयन गर्न तथा गुणस्तरिय शिक्षा मार्फत समुद्ध मेल्लेख गाउँपालिका निर्माणका लागि सुनिश्चित गर्न यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो ।

साथै  स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६(२४) मा गाउँ पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयमा क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न सक्ने अधिकारको व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले पनि स्थानीय तहले वार्षिक योजना र बजेट तर्जुमा गर्नु पुर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पुर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile)तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुगत विवरण आफ्ना

website मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले स्थानीय आश्यकतामा आधारित शिक्षामा जोड दिएको छ । यी नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न पनि शिक्षा योजनाको आवश्यकता रहेको छ ।

स्थानीय तहको शिक्षा योजना वनाउन महत्वपूर्ण छ किनकि तीन तहको सरकारले पर्याप्त बजेटको व्यवस्थापन गरेपनि यथेस्ट रुपमा शैक्षिक योजना, नीति तथा कार्यक्रम निर्माण नगरिएको हुदा खर्चिएको स्रोतको प्रतिफलमापन गर्न सकिरहेका छैन भनेअर्को तिर स्थानीय तहमा शैक्षिक मुद्दा, समस्याका आधारमा शैक्षिक लगानीको लागि योजना नभएको हुदा तथा शैक्षिक सुचकको हिसाबले स्थानीय तहले शैक्षिक उपलब्धी मापन गर्न सकिरहेको छैन ।

त्यसैगरी लक्ष्य, उद्धेश्य, रणनिति तथा क्रियाकलाप सहितको समग्र योजना बनाउन स्रोतको सही सदुपयोग, अपेक्षित उलब्धी हासिल गर्न सजिलो हुनका साथै तीनै तहको सरकारले बनाएका योजनाको प्रतिबिम्ब तय हुन जरुरी छ । संविधानको मर्म अनुसार समन्वय,सहकार्य र सहकार्यको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माणमा संगै कार्य गर्न आवश्यक देखिएको छ । यदि त्यस्तो हुन सकेमा स्रोत र साधनको उच्चतम प्रयोग हुनेछ । यसकारण मेल्लेख गाउँपालिकाले शिक्षाको समग्र विकास तथा आमुल परिवर्तनका लागि गाउँ शिक्षा योजना तयार गर्न प्रत्यत्न गरेको हो ।

## २.२ दूरदृष्टि, लक्ष्य, ध्येय, उद्धेश्य, रणनीति

### २. २.१ दूरदृष्टि .

मेल्लेख गाँउपालिकाको समग्र शैक्षिक विकास तथा सामाजिक रुपान्तरका लागि सीपयुक्त, प्रतिस्पर्धी, सृजनशील, स्वालम्वी, दक्ष नागरिकको विकास गर्नु ।

गुणस्तरीय तथा प्राविधिक, सीपमुलक शिक्षा प्रदानमा जोड / प्रदान गर्नु ।

## २.३ ध्येयः

गुणस्तरीय, जीवनउपयोगी व्यवसायिक, प्रतिस्पर्धी शिक्षा प्रदान गर्दै दक्ष, प्रतिस्पर्धी तथा स्वालम्बी जनशक्ति उत्पादन गर्नु ।

## २.४उद्धेश्यहरु

१. सबै बालबालिकाहरुको लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. बालबालिकाको सर्वाङ्गीण विकासका लागि परिवार तथा समुदायको संलग्नताको वृद्धि गर्नु ।
२.पुर्व प्रारम्भिक तथा आधारभुत तहको सबै बालबालिकाको शिक्षामा पहुँच तथा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु ।

३.आधारभुत तहको शिक्षा अनिवार्य तथा निशुल्क, माध्यमिक तहको शिक्षा अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चिता गर्नु ।
४. माध्यमिक तहको शिक्षालाई वैज्ञानिक, गुणस्तरीय, जीवन पर्यन्त तथा जीवन उपयोगी शिक्षा कायम गर्नु ।
५. स्थानीय परिबेश, संस्कृति, परम्परा अनुरुप स्थानीय पाठ्क्रम निर्माण गरी स्थानीय पाठ्यक्रम लागु गर्नु ।
६. सबै विद्यालयमा सबै किसिमको विभेद, दूरव्यहार, भयमुक्त बालमैत्री तथा अपांगमैत्रि वातावरणको सुनिश्चित गर्नु ।
७. औपचारिक शिक्षावाट वञ्चित वालवालिका,युवा,प्रौढ लाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्धारा शिक्षाको मुल धारमा ल्याई पहुँच र शिक्षाको सबै किसिमको अवसरको सुनिश्चित गर्नु ।
८. विद्यालय नेतृत्व विकास, व्यवस्थापन, सुशासन तथा पारदर्शिता कायम गरी विद्यालयमा सरोकारवाला हरुको सहभागिता बढाउनु ।

९. आपतकालिन तथा संकटपुर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नु ।
१० सबै नागरिकलाई साक्षरता बनाउन बिभिन्न कार्यक्रको सुनिश्चित गर्नु ।
११ गाउँपालिकाका सवै शिक्षकको शैक्षिक योग्यता कायम राखी शिक्षण शिकाई कार्यमा दक्षता अभिवृद्धी गर्न आवश्यक तालिम प्रदान गर्नु ।
१२ विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय सुपरिवेक्षणमा जोड दिनु ।
१३ विशेष शिक्षाको आवश्यक्ता भएका वालवालिकाको पहिचान गरी उनिहरुको आवश्यक्ता अनुसार शिक्षाको पहुँच सुनिश्चित गर्नु ।
१४ विद्यालय तहमा खेल तथा सह क्रियाकलाप संचालनमा जोड दिनु ।
१५. समुदाय स्तरमा बालवालिकाको पढाईको बातावरण सिर्जनाका लागि अभिभावक तथा समुदायको क्षमता विकास गरी परिचालन गरिनेछ ।

## २. ५ रणनीतिहरु(strategies)

माथि उल्लेखित उद्धेश्यहरु प्राप्त गर्नका लागि विभिन्न रणनीतिहरु तय गरिएको छ । तय गरिएका उदेश्य प्राप्त गर्न प्राथमिकतामा आधारित रही तपशिलबमोजिमको रणनितिहरु कार्यान्वयन गरिनेछ ।

१. प्रचलित ऐन तथा कानुन बमोजिम प्रारम्भिक बालविकासको रणनैतिक योजना तयार गरी लागु गरिनेछ ।
२ .एक वडामा एक नमूना बालविकास केन्द्रको अवधारण कार्यान्वयन गरिनेछ ।
३. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा दरबन्दी पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच तथा सहभागताको सुनिश्चित गरिने छ ।

४. नमुना विद्यालयको अवधारण कार्यन्वयन गरिने छ । त्यसका लागि प्रचालित ऐन, कानुनबमोजिम स्थानीयतहले नमुना विद्यालयको कार्य बिधि बनाई लागु गरिने छ ।

६. आधारभूत तहको शिक्षालाई निःशुल्क तथा माध्यमिकतहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुँच पुर्‍याइने छ ।

७ संघ तथा प्रदेश सरकारको समन्वय तथा सहजीकरणमा स्थानीय सरकारले विद्यालयको भौतिक पूर्वाधार विकाश , शैक्षिक, आर्थिक विकासको व्यवस्थापन गर्दै सबै बालवालिकाको शिक्षाको पहुँचको सुनिशिचत गर्ने ।

६. स्थानीय परिवेश, आवश्यकता, सामाजिक सँस्कृति अनुरुप स्थानीय पाठ्क्रम निर्माण गरी लागु गरिनेछ ।

७. विद्यालयको नेतृत्व विकास, पारदर्शिता, जवाफदेहिता कायम गर्न विद्यालय सरोकारवालाको क्षमता अभिवृद्धि गरिने छ ।

८. बालबालिकाको स्वास्थ्य, सरसफाईका लागि स्थानीय गैरसरकारी तथा शिक्षा सरोकारवालासंग समन्वय र सहकार्य गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम लागु गरिनेछ । साथै संघीय तथा प्रदेशको सहयोग,सहकार्यमा विद्यालयमा दिवाखाजाको व्यवस्था मिलाईनेछ ।

९. Public Private partnershipको अवधारणलागु गरिनेछ । निजी क्षेत्रको स्रोतलाई शिक्षा क्षेत्रको गुणस्तर वृद्धिका लागि उपयोग गरिनेछ ।

१०. प्रत्येक वडाको अग्रणी विद्यालय लाई शैक्षिक सम्पर्क विद्यालयको रुपमा कायम गरिनेछ ।

११ शिक्षकको शैक्षिक क्षमता अभिद्धिगर्न समय समयमा शिक्षक तथा विद्यालय कर्मचारी हरुलाई तालिम कार्यशाला हरु संचालन गरिनेछन ।

१२ विशेष शिक्षा आवश्यक्ता भएका वालवालिका हरुका लागि विशेष कक्षा संचालन गरिनेछ ।

१३ विपन्न तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृति,शैक्षिक सामग्री उपलब्ध गराई उनिहरुको शैक्षिक निरन्तरतामा जोड दिइने छ ।

१४ कार्य सम्पादनका आधारमा प्रत्येक वर्ष एक जना लाई उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिने छ ।

१५ रणनैतिक योजना कार्यन्वयनको अवस्था मापन गरी आवधिक प्रतिवेदन तयार गर्न पालिका स्तरमा अनुगमन मुल्यांकन तथा प्रतिवेदन समिति गठन गरिने छ ।

१६ शिक्षाको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागि पालिका स्तरमा विज्ञ समुह,साथी समुह रोस्टर समुह गठन गरी परिचालन गरिने छ ।

१७ CLC हरुको क्षमता अभिवृद्धी गरि सामाजिक परिचालनका कार्यक्रममा सहभागी गराइने छ ।

१८ वाल वालिकाको पठन सिप शैक्षिक उपलब्धी अभिवृद्धी गर्न समुदाय स्तरमा शैक्षिक गतिविधी संचालन गरिने छ ।

१९ विद्यार्थीहरुलाई राष्ट्र समाज प्रति उत्तरदायित्व वोध गर्नका लागी अनिवार्य रुपमा माद्यामिक तहका विद्यार्थीहरुलाई स्काउट रेडक्रस जस्ता मानवीय कार्य र गतिविधीमा संलग्न गराइने छ ।

२०  शिक्षक नियुक्ती व्यावस्थापन र सेवा सर्त सम्बन्धीको निश्चित मापदण्ड तयार पारी लागु गरिनेछ ।

२१  विद्यालयको सहयोग अनुदान वितरण गर्दा Performance based अनुदान प्रणाली लागु गरिने छ ।

२२  विद्यार्थीहरुलाई खेल योगाभ्यास र सह क्रियाकलाप संचालनकालागि वडा स्तरमा आधुनिक प्रविधीसहितका रंगशाला निर्माणमा जोड दिइने छ ।

२३  स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिइने छ ।

२४  प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिने छ ।

२५. शिक्षाको गुणस्तर सुधारका लागि सहकार्य, सह–अस्तित्वको अवधारणा अनुरुप नीति निर्माण, स्रोतको बाडफाँड तथा लगानीका लागि  संघ, प्रदेशसंघ सहकार्य गरिनेछ ।

## २.६ प्रमुख उपलब्धि तथा सुचकहरु

| क.सं. | सुचकहरु | आधार वर्षको (२०७७)को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८२ | २०८७ |
| १.प्रारम्भिक बालविकास तथा शिक्षा | | | | |
| १.१ | कुल भर्नादर चार  वर्षका बालबालिकाको भर्ना अनुपात | | | |
| १.२ | न्युनतम योग्यता पुगेका शिक्षक प्रतिशत | | | |
| १.३ | आधारभुत तालिम प्राप्त शिक्षक प्रतिशत | | | |
| १.४ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ४५ | | |
| २. आधारभुत शिक्षा | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ९६.२२ | ९८ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | १६९.४१ | १२० | ११० |
| २.३ | कक्षा १ देखि ५ कुल भर्नादर(GER) | ९७.२१ | ९९ | १०० |
| २.४ | कक्षा १ देखि ५ खुद भर्नादर(NER) | १३२.८९ | १२० | ११० |
| २.५ | कक्षा १ देखि ८ कुलभर्नादर | ९७.२१ | ९९ | १०० |
| २.६ | कक्षा १ देखि ८ खुद भर्नादर | ११९.२४ | ११० | १०५ |
| २.७ | कक्षा १ देखि ८ खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९६ | ०.५६ | ०.१ |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८१.८ | ९५ | १०० |
| २.९ | आधारभुत शिक्षाको तह पुरा गर्ने दर | ७१.९ | ८१ | ९५ |
| २.१० | ५–१२वर्ष उमेर विद्यालय बाहिर रहेका | २४१ | १२० | ०० |

| | | | | |
|---|---|---|---|---|
| | बालबालिकाको जना | | | |
| ३.माध्यमिक शिक्षा | | | | |
| ३.१ | कुलभर्नादर कक्षा ९ र १० | | | |
| ३.२ | खुदभर्नादर कक्षा ९ र १० | | | |
| ३.३ | कुलभर्नादर कक्षा ९ देखि १२ | ४४.४६ | ६४ | ८५ |
| ३.४ | खुदभर्नादर कक्षा ९ देखि १२ | ८५.८४ | ९० | ९५ |
| ३.५ | कुलभर्नादर कक्षा ११ र १२ | | | |
| ३.६ | खुदभर्नादर कक्षा ११ देखि १२ | | | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ५५.४ | ७५ | ८५ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | | | |
| ३.९ | कक्षा १ देखि १२ मा खुदभर्नाका आधारमा लैङ्गिक समता सुचाकाङक | | | |
| ४.अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | | | |
| ४.२ | १५–२४ वर्षको साक्षरता दर | | | |
| ४.३ | १५वर्ष भन्दा माथिको साक्षरता दर | | | |
| ५. महिला शिक्षक प्रतिशत | | | | |
| ५.१ | आधारभुत तह | १४.५७ | २५ | ३५ |
| ५.२ | माध्यमिक तह | २.३३ | ७ | १२ |
| ६ | प्राथमिकता प्राप्त न्युनतम सक्षमता PMEC पुरा गरेका विद्यालय प्रतिशत | ० | | |

**स्रोत( समता रणनीति कार्यान्वयन योजनाका २०१६–२०२३)**

# परिच्छेदः ३, शिक्षाका क्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास शिक्षा

**परिचयः**

बालबालिकाको संवेगात्मक, शारीरिक, मानसिक विकास तथा सृजशनशील बनाउन तथा बालबालिकाको औपचारिक शिक्षा सुरुवात गर्न प्रारम्भिक बालविकासको निकै महत्व छ । प्रारम्भिक कक्षामा बालबालिका लाई पढाउने भन्दापनि औपचारिक शिक्षा लिन तयार गर्ने गरिन्छ । बालबालिको मानसिक, संवेगात्मक, सामाजिक संस्कार तथा सिजनसिल बनाउनका लागि बालमैत्री बिधिबाट

बालबालिकालाई पढाईने गरिन्छ जस्तै चित्र कोर्ने, खेल खेल्ने, सामाजिक रितिरिवाज तथा जीवन उपयोगी सीपको बिकास गरी कक्षा १ मा भर्ना गर्न बालबालिकालाई तयार गरिन्छ । विशेष गरी ५ वर्षमूनिका बालबालिकाई लक्षित गरी प्रारम्भिक कक्षामा पठाउने गरिन्छ । अहिले नेपालमा विद्यालयमा आधारित तथा समुदायमा आधारित दुई किसिमका बालविकास केन्द्रहरु संचालन भईरहेका छन । सरकारी तथा गैरसकारी निकायको सहयोग वाट प्रारिम्भक बालविकासको विकास तथा अपेक्षित उपलब्धी हासिल गर्न सहयोग पुगेको देखिन्छ भने कक्षाको १ को भर्नामा वृद्धि तथा बालवालिकाको सिकाईका लागि प्रारम्भिक बालविकासले महत्वपूर्ण योगदन पुगको विभिन्न तथ्याङक तथा प्रतिवेदन देखाईएको छ । चार वर्ष उमेर पुगका बालवालिकाका लागि १ वर्षे प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था नेपालको नि:शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, तथा राष्ट्रिय शिक्षा नीति तथा नेपालको पन्ध्रौ योजनामा १ वर्षे शिक्षा लागु गर्ने कानुनी व्यवस्था गरेको छ ।

**वर्तमान अवस्था**

यस मेल्लेख गाउँपालिकामा ३७ वटा बालविकास केन्द्रहरु संचालनमा रहेको छ । सबै बालविकास केन्द्रमा महिला सहयोगी कार्यकर्ताहरु कार्यरत छन । गाउँपालिकाले आफनै स्रोतबाट व्यवस्थापन हुने गरी ३ वटा बालविकास संचालन गरेको छ । यस बालविकासमा जम्मा ७६९ बालवालिका रहेका छन जसमध्ये छात्रा ३८३ र छात्र ३८६ रहेको छन । यसैगरी समानता समावेशीकरणको दृष्टिकोणले हेर्दा बालवालिका ब्राहमण क्षेत्री ५७५,दलित १७२ जना, जनजाती १ जना तथा भएका बालवालिकाका अध्ययनरत छन ।

यस गाउँपालिकामा समुदायमा रहेका चार वर्षका बालवालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका छन । यसै गरी संस्थागत विद्यालयमाहरुमा पनि बालवालिका अध्यनरत रहेका छन ।

यस गाउँपालिकामा बालविकास केन्द्रको गुणात्मक शैक्षिक सुधारकालागि निम्न लिखित चुनौतीहरु पहिचान गरी समाधानका रणनितिहरु तय गरिएका छ: ।

- सहजकर्ता हरुको न्युन पारिश्रमिकको कारण कार्यदक्षतामा कमी ।
- भौतिक पुर्वाधारको समस्याले शिक्षण सिकाई क्रियाकलाप संचालनमा समस्या ।
- व्यावस्थित वालमैत्री वालविकास केन्द्र नहुनु शैक्षिक सामग्री तथा अलग्गै कक्षा कोठाको अभाव हुनु ।
- वाल विकास केन्द्रको लागि न्युनतम मापदण्ड नहुनु ।
- वाल विकास केन्द्रहरु नियमित रुपमा संचालन नहुनु ।
- वाल विकास केन्द्र प्रति अभिभावकाको अपनत्व नहुनु ।
- वालविकास केन्द्रमा मापदण्डमा तोकिएको संख्यामा विद्यार्थी संख्या नहुनु ।

बालविकास केन्द्रमा धेरै चुनौती भएता पनि निम्न लिखित अवसरहरु पनि रहेका छन:

- वाल विकास केन्द्रको संख्या विद्यार्थी संख्या अनुसार पर्याप्त रहनु ।

- वाल विकास केन्द्रका सहजकर्ताहरुको लागि पुर्नताजकी तालिम प्रदान गरिनु ।
- प्रत्यक वाल विकास केन्द्रहरुमा दिवा खाजाको व्यावस्था गरिनु ।
- प्रदेश सरकार वाट उत्कृष्ट वाल विकास केन्द्र लाई प्रत्येक वर्ष रु १०००० हजारका दरले प्रोत्साहन रकम प्रदान गर्नु ।
- गा.पा.ले उत्कृष्ट वाल विकास केन्द्र लाई रु १०००० व्यावस्थापन खर्च प्रदान गर्ने र रु २००० का दरले प्रोत्साहन दिने प्रस्तावित कार्यक्रमको रुपमा राखिनु ।

### उदेश्यहरु

बालवालिकाको मानसिक, संवेगाततत्मक, सामाजिक विकास उनीहरुलाई पढाईका लागि तयार गर्नु बालविकास केन्द्रको उदेश्य रहेको छ ।

- सबै बालवालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गर्नु ।
- चार वर्ष उमेर समुहका सबै बालवालिकाहरुको सर्वाङ्गीण विकास गरी कक्षा १ को अध्ययनका लागि तयार गर्नु ।
- बालवालिकाको सर्वाङ्गीण विकासको लागि अभिभावकको सक्रियता तथा सहभागीतामा वृद्धि गर्नु ।

### रणनीति

- बालविकास केन्द्रको पुर्नवितरण गरी आवश्यकतानुसर केन्द्रको विस्तार गरिने छ ।
- नमूना वाल विकास केन्द्र निर्माण गर्न कार्ययोजना तयार गरि लागु गरिने छ ।
- वाल विकास केन्द्रका सहजकर्ता हरुका लागी वालमैत्री तथा मन्टेश्वरी तालिम कार्यक्रम संचालन गरिने छन ।
- वाल विकास केन्द्रको भर्ना दर वृद्धि गर्न सघन भर्ना अभियान कार्यक्रम संचालन गरिने छ ।
- सहजकर्ता हरुका लागी प्रोत्साहन Incentive कार्यक्रमहरु संचालन गरिने छ ।
- वाल विकासकेन्द्रका लागी पाठयक्रमाम आधारित रहि स्थानिय शैक्षिक सामग्री निर्माणमा जोड दिइने छ ।
- कक्षाकोठाको सिकाई प्रभावकारी बनाउन सिकाई कुना स्थापनाका गरी शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीको व्यवस्था मिलाईनेछ ।
- अभिभावकको क्षमता अभिवृद्धि गरी बालवालिकाको सर्वाङ्गीण विकास गर्न सहभागीता बढाईनेछन ।

### प्रमुख नतिजा (Key performance)

प्रारम्भिक बालविकास तथा शिक्षा तार्किक ढाँचा

| उपलब्धी | नतिजा | मुख्य कार्य सम्पादन मापन सुचकहरु | मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका आधारहरु |
|---|---|---|---|---|---|
| **बालबालिकाको ECD मा पहुचमा वृद्धि गर्ने** | शतप्रतिशत बालबालिका भर्ना भएको<br>सघन भर्ना अभियान संचालन भएको<br>आवश्यकतानुसार विद्यालयमा आधारित बालविकास शिक्षाको वितरण<br>बालविकासको अनुभवी सहित कक्षा १ मा भर्नाको भएको<br>भौगोलिक विकटता र अपाङ्ता भएका बालवालिकाको सहज पहुँचका लागि समुदायमा आधारित नमुना बालविकासको विकास भएको ।<br>असमानता घटाई सबैका लागि समान अवसर सृजना भएको । | • कुल भर्नादर<br>• बालविकास केन्द्रको वितरण<br>• बालविकासको अनुभवी सहित सबै बालवालिका कक्षा १ मा भर्नाको सुनिश्चिता<br>• समुदाय स्तरमा घुम्ती कक्षा संचालन<br>• अभिभावकको चेतना अभिवृद्धि भएको हुने । | • भर्ना अभियान<br>• प्रारम्भीकक बालविकास तथा नक्साङ्कन गरी पुनर्वितरण गर्ने<br>• जोखिममा रहेका बालबालिकाको लागि समुदाय स्तरमा कक्षा संचालन | • जम्मा १२०४ बालबालिकाले १ वर्षको बालविकासको शिक्षा प्राप्त गर्नेछन ।<br>• ३७ वटा बालविकास केन्द्र लाई विद्यालय स्तरमा संचालन गर्ने ।<br>• अभिभावक शिक्षा लागु हुने ।<br>• आवश्यकतानुसार समुदायमा घुम्ती कक्षा संचालन गर्ने । | विद्यालय अनुगमन प्रतिबेदन,<br>IEMIS को तथ्याङक,<br>विद्यालयको सामाजिक परीक्षण प्रतिबेदन, |
| **गुणस्तर** | सबै पुर्व प्राथमिक मा बालमैत्री वसाई व्यवस्थापन सहित सिकाई सामग्री व्यवस्थापन मिलाउने ।<br>सबै बालविकास केन्द्रहरुमा न्युनतम योग्यता र तालिम प्राप्त सहकर्ताले न्युनतम मापदण्ड पुरा गरेको<br>नमुना बालबिकासको विकास भएको<br>बालवालिकाको संवेगात्मक तथा शैक्षिक | • कक्षाकोठामा सामग्री सहित पढाईका कुना स्थापना ।<br>• बालमैत्री वातावरण तथा बसाई व्यवस्थापन<br>• दक्ष तथा न्युनतम दक्षता भएका शिक्षकको व्यवस्थापन | • बालमैत्री बसाई व्यववस्थापन<br>• शिक्षक तालिम व्यवस्थापन तथा क्षमता अभिवृद्धि गर्ने ।<br>• पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा सिकाई सामग्रीको सहयोग<br>• | • १०० प्रतिशत बालविकासलाई कार्पेट, पि.फर्म, सामग्रीको सहयोग ।<br>• १०० प्रतिशत सहजर्तालाई तालिम तथा पुनरताजगी तालिम प्रदान गर्ने<br>• सबै बालविकासलाई शिक्षण सामग्री सहयोग गर्ने ।<br>• अभिभावक तथा बालवालिका बीच स्थानीय कला, | IEMIS, प्रतिबेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास लागि शिक्षा प्रदान गरी गुणस्तर कायम गर्ने । | • सिकाई उपलब्धी<br>• बालवालिकाको सर्वाङ्गिक विकास भएको | | संस्कृति आदि सम्बन्धि छलफल गर्ने । | |
| **अभिभावकको चेतना तथा संलग्नता अभिबृद्धि गर्ने** | अभिभावक शिक्षामा वृद्धि भएको ।<br>प्रारम्भीक बालविकासमा समुदायको संलग्नता अभिवृद्धि भएको । | • अभिभावकको जनचेनतामा वृद्धि<br>• वाल विकास केन्द्रमा अभिभावकको भ्रमणमा वृद्धि । | | • सबै अभिभावकलाई सचेतना कार्यक्रम संचालन गर्ने<br>• शिक्षक अभिभावकसंग अर्न्तक्रिया संचालन गर्ने । | प्रतिबेदन, अनुगमन |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य( १० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | प्रारम्भिक बालविकस तथा नक्साङ्कन गरी पुनर्वितरण गर्ने | संख्या | ३७ | ३८ | ३९ | ४० | ४१ | | स्थानीय तह |
| २ | नमुना बालविकास अवधारणाको निर्देशिका तयार गर्ने । | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ३ | सघन भर्ना अभियान संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ४ | भौगालिक विकटता तथा अपाङ्गता भएका बालवालिकाको लागि टोल केन्द्रित, घुम्ती कक्षा संचालन गर्ने । | आवश्यकतानुसार | ✓ | | | | | | स्थानीय तह |
| ५ | शिक्षकको पेशागत विकासका लागि तालिमको आयोना गर्ने | जना | ३७ | | | | ३७ | | स्थानीय तह, संघ |
| ६ | स्थानीय शैक्षिक तथा पाठ्य सामग्री निर्माणका लागि स्रोत व्यक्ति तयार गर्ने। | ज्ना | ० | ५ | १० | ० | ० | | स्थानीय तह |
| ७ | स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग | बालविकास | | ३७ | | | | | स्थानीय तह |
| ८ | प्रारम्भिक बालविकासका बालवालिकाको लागि बालमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक कार्पेट, कुसन पि.फर्म | संख्या | ३ | ५ | १० | १० | ९ | | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जस्ता सामग्री प्रदान गर्ने | | | | | | | | |
| ९ | कक्षाकोठाको सिकाई प्रभावकारी बनाउन सिकाई कुना स्थापनाका लागि आवश्य शैक्षिक सामग्री तथा सन्दर्भ सामग्री प्रदान गर्ने | संख्या | २ | ५ | १५ | १४ | ० | | स्थानीय तह |
| १० | शिक्षक, अभिभावक, वि.व्य.स. शि.अ.स. टोल शिक्षा समिति बीच बालबालिकाको गुणस्तर सुधारका लागि अन्तक्रिया गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | | स्थानीय तह, बिद्यालय |
| ११ | बालवालिकाको अभिलेखीकरण गर्ने | बालविकास | ३७ | ३७ | ३७ | ३७ | ३७ | | स्थानीय तह, बिद्यालय |
| १२ | प्रारम्भिक बालविकासका बालवालिकाको स्वास्थ्य जाँच, खोप, भिटामिन सेवा प्रदान गरी आवश्यक अभिलेख राख्ने । | बालविकास | ३७ | ३७ | ३७ | ३७ | ३७ | | स्थानीय तह, बिद्यालय |
| १३ | अभिभावक शिक्षा संचालन गर्ने । | पटक | ४ | ४ | ४ | ४ | ४ | | स्थानीय तह, बिद्यालय |
| १४ | बालविकास सुधारका योजना बनाई बिद्यालय सुधार योजनामा सामाबेश गर्ने । | बालविकास | ३७ | ३७ | ३७ | ३७ | ३७ | | स्थानीय तह, बिद्यालय |
| | प्रारम्भिक बालविकास केन्द्रलाई शैक्षिक सुधारका लागि अनुदान सहयोग | संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | | |

**प्रारम्भिक बालविकास तथा शिक्षा का लागि आवश्यक बजेटः**

| क.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागीता | अन्य |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा नक्साङ्कन गरी पुनर्वितरण गर्ने | २,५०,०००। | ५०,०००। | ५०,०००। | ५०,०००। | ५०,०००। | ५०,०००। | | | ✓ | | | |
| २ | नमुना बालविकास अवधारणाको निर्देशिका तयार गर्ने । | ५,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | | ✓ | ✓ | | | |
| ३ | सघन भर्ना अभियान संचालन गर्ने | ५,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | | | | | | |
| ४ | भौगालिक विकट्ता तथा अपाङगता भएका बालवलिकाको लागि टोल केन्द्रित, घुम्ती कक्षा संचालन गर्ने । | १,५०,०००। | ३०,०००। | ३०,०००। | ३०,०००। | ३०,०००। | ३०,०००। | | | | | | |
| ५ | शिक्षकको पेशागत विकासका लागि तालिमको आयोजना गर्ने | २५,००,०००। | ५,००,०००। | ५,००,०००। | ५,००,०००। | ५,००,०००। | ५०० ०० | | | | | | |
| ७ | स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग | १०००० ० | ५०० ०० | ५०० ०० | २००० ० | २००० ० | २००० ० | | | | | | |
| ८ | प्रारम्भिक बालविकासका बालवालिकाको लागि बालमैत्री बसाई व्यवस्थापनका लागि आवश्यक कार्पेट, कुसन पि.फर्म जस्ता सामग्री प्रदान गर्ने | ५००० ०० | १००० ०० | १००० ०० | १००० ०० | १००० ०० | २००० ० | | | | | | |
| ९ | कक्षाकोठाको सिकाई प्रभावकारी बनाउन सिकाई | २५००० ० | ५०० ०० | ५०० ०० | ५०० ०० | ५०० ०० | ५०० ०० | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुना स्थापनाका लागि आवश्य शैक्षिक सामग्री तथा सन्दर्भ सामग्री प्रदान गर्ने | | | | | | | | | | | | |
| १० | शिक्षक, अभिभावक, वि.व्य.स. शि.अ.स. टोल शिक्षा समिति बीच बालबालिकाको शिक्षाको गुणस्तर सुधारका लागि अन्तक्रिया गर्ने | १००००० | ५०००० | ३०००० | ३०००० | २०००० | २०००० | | | | | | |
| ११ | बालवालिकाको अभिलेखीकरण गर्ने | १२५००० | २५००० | २५००० | २५००० | | | | | | | | |
| १२ | प्रारम्भिक बालविकासका बालवालिका हरुको स्वास्थ्य जाँच, खोप, भिटामिन सेवा प्रदान गरी आवश्यक अभिलेख राख्ने । | ५०००० | १०००० | १०००० | १०००० | | | | | | | | |
| १३ | अभिभावक शिक्षा संचालन गर्ने । | १००००० | २०००० | २०००० | २०००० | | | | | | | | |
| १४ | बालविकास सुधारका योजना बनाई बिद्यालय सुधार योजनामा सामाबेश गर्ने। | २०००० | २०००० | २०००० | | | | | | | | | |
| १५ | प्रारम्भिक बालविकास केन्द्रलाई शैक्षिक सुधारका लागि | २०००००० | ४००००० | ४००००० | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुदान सहयोग | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

## आधारभुत शिक्षा

**परिचयः**

मानव जीवन यापनगर्नका लागि शिक्षा महत्वपुर्ण सहयोगी साधन हो ।  विद्यमान ऐन तथा नीति नियमले प्रारम्भिक बालविकास देखि ८ कक्षा सम्मको  शिक्षालाई आधारभुत तहको शिक्षा भनिन्छ । जीवनलाई सहजरुपमा जीउनकालागि आधारभुत तहको शिक्षा आवश्यकता पर्दछ । नेपालको संविधानले आधारभुतहको शिक्षालाई नागरिकको मौलिक अधिकारको रुपमा सुनिश्चित गरिएको हुदा प्रत्येक नागरिकलाई आधारभुत तहको शिक्षाको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन आउँछ । त्यससकारण राज्यले प्रत्येक नेपाली नागरिकले आधारभुत तहको शिक्षा निशुल्क पाउने व्यवस्था गरेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभुत तहको शिक्षा प्रदान गर्ने संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार हुने र आधारभुत शिक्षाको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भनी उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज)मा आधारभुत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुरा उल्लेख गरिएको छ । यसकारण  सबै नागरिकलाई आधारभुत तहको शिक्षाको सुनिश्चिता गर्ने सरकारको दायित्व रहेको छ ।

बिशेषगरी प्रारम्भिक कक्षा ( कक्षा १ देखि ३) सम्मको बालबालिकाको पढाई तथा सिकाईको दृष्टिकोणले अझै महत्वपुर्ण रहको छ । यस उमेरका बालवालिका पढ्नका लागि सिक्ने हो र बालबालिका भर्खर मात्र अक्षर चिन्न थालेका हुन्छन । साथै माथिल्लो कक्षामा सिक्नका लागि पढ्ने हुने भएको हुदा प्रारम्भिक कक्षाका बालबालिका लागी अझै सिक्नका लागि अवसर सिर्जना गरिदिनु पर्दछ ।

**वर्तमान अवस्था :**

नेपालले आधारभुत शिक्षामा उल्लेखनिय उपलब्धी हासिल गरेको छ । सबै बालबालिकालाई समतामुलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुदा धेरै आधारभुत तहमा बालबालिकाको पहुँच भएको देखिन्छ ।

यस मेल्लेख गाउँपालिका अन्तरगत जम्मा ४१ वटा विद्यालयहरु संचालनमा रहेका छन । यसमध्ये कक्षा १ देखि ३ सम्म ८ वटा, कक्षा १ देखि ५ सम्म १५ वटा तथा कक्षा ६ देखि ८ सम्म जम्मा ७ वटा गरी आधारभुत तहमा जम्मा ३० वटा विद्यालय रहेका छन ।

**पहुँच :**

यस गाँउपालिकामा आधारभुत तहको भर्ना भएका बालीलिकाको संख्या तलको तालिकामा उल्लेख गरिएको छ

| विद्यालयको विवरण | कुल बालवालिका २०७७ अनुसार | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| सामुदायिक विद्यालय | ४३८३ | ४१४५ | ८५२८ |

स्रोत: IEMIS २०७७

**समानता :**

सामुदायिक विद्यालय अध्ययनरत बालविकासको जातीगत विवरण

| ब्राहमण/क्षेत्री | | जनजाति | | दलित | | अन्य | | अपाङता | |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ३३२५ | ३०४४ | ० | ० | १०५८ | ११०१ | | | ९ | ६ |

स्रोत: IEMIS २०७७

आधारभुत शिक्षाको गुणस्तर सुधारका लागि विगतमा भएका धेरै प्रयासका कारण आधारभुत तहमा केही मात्रामा राम्रा उपलब्धी हासिल गर्न सकिएको छ । कक्षा १को कुल प्रवेशदर ९६.२२, खुद प्रवेशदर १६९.४१ रहेको छ । यसैगरी कक्षा १ देखि ५ सम्मको कुलभनार्दर र खुद भर्नादर क्रमसः ९७.२१ र १३२.८९ रहेको छ । कक्षा १देखि ८ सम्मको कुलभर्नादर र खुद भर्नादर क्रमसः ९७.२१ र ११९.२४ रहेको छ । कक्षा ८ को टिकाउ दर ८१.८ प्रतिशत रहेको छ । यस गाउँपालिकामा ५ देखि १२ वर्ष उमेर समुहका जम्मा २४१ बलवालिका विद्यालय भन्दा बाहिर भएको  तथ्याङक रहेको पाइन्छ ।

आधारभुत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता रहेको छ । यसका लागि यस गाउँपालिकाले प्रभावकारी कार्यान्वयनका लागि छलफल, अन्तरक्रिया तथा अनुगमन संयन्त्रको विकास गर्ने छ । आर्थिक अभावका कारण कोही पनि बालवालिकाले आधारभुत तहको शिक्षाबाट बञ्चित नहुने अवस्थाको सुनिश्चितता गरिने छ ।

प्रारम्भिक कक्षाको पठनसीप वृद्धिका लागि शिक्षकलाई तालिम, आवश्यक शैक्षिक तथा सन्दर्भ सामग्रीको उपलब्ध गराई कक्षाकोठामा बुक कर्नर स्थापना गरी थप पढ्ने वातावरण सिर्जना गरिने छ भने बालवालिकाको पढाईको लागि परिवार तथा समुदायको संलग्नता अभिवृद्धि गरिने छ ।

आधारभुत तहको शिक्षामा बालवालिकाको सिकाई दर अत्यन्त न्युन देखिएको छ । शैक्षिक गुणस्तर केन्द्रद्धारा गरिएको कक्षा ३ को पढाई तथा गणितिय सीप  परीक्षणमा सिकाई उपलब्धी न्युन देखिएको छ । यसैगरी कक्षा ५ र ८ मा गरिएको सिकाई उपलब्धी परीक्षणमा पनि न्युन सिकाई उपलब्धी देखिएको छ ।  बिभिन्न कारणले गर्दा बालवालिकाले विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर उच्च देखिन्छ जसकारण बा लवालिकाले तह पुरा गर्ने अपेक्षित दरमा कमी रहेको छ ।

कोभिड १९ महामारीका कारण प्रत्यक्ष पठपाठन हुन नसकेको तथा बैकल्पिक विधिबाट शिक्षण गर्दा बिभिन्न कारण प्रभाकारीता अपेक्षित देखिएन यसकारण बालवालिकाले ठुलो शैक्षिक क्षति व्यहोर्नु परेको छ । अबका दिनमा यस्ता प्रकारका माहामारीको अवस्थामा पनि बालवालिकाको पठनपाठन सुचारु गर्न तथा बालवालिकाको शैक्षिक क्षति न्युनीकरण गर्न आवश्यक योजना तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ ।

बालवालिकाको सिकाई उपलब्धी साथै शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षकको पेशागत विकास गरी विद्यालय तहको अनुगमन, पृष्ठपोषण जस्ता क्रियाकलाप गर्न जरुरी देखिन्छ । विद्यालय भित्रको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सामावेशीताको विकास गरी बालवालिकाको सिकाई उपलब्धीमा जबादेही प्रणाली विकास गर्न जरुरी देखिनछ ।

आधारभुत तहको शिक्षामा तपशिल बमोजिमको अवसर तथा चुनौती रहेका छन । गाउँपालिकाले अवसरको सदुपयोग गर्दै चुनौतीलाई सम्बोधन गरी आधारभुत तहको शिक्षालाई सबै नागरिकको पहुँचमा पुऱ्याउन यशेष्ट योजना, रणनीति तथा कार्यक्रम बनाउन जरुरी देखिन्छ । यस पालिकामा आधारभुत तहमा तपशिल बमोजमका अवसर तथा चुनौती देखिएका छन ।

- सिकाई उलबब्धी कमी हुनु ।
- बिभिन्न कारणले कक्षा छोड्ने दर उच्च हुनु ।
- सानै उमेरमा बालबालिकाको बिहे हुनु ।
- विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी नहुनु ।
- विद्यार्थी उपस्थिी दरमा अनियमितता हुनु ।
- वालमैत्री भौतिक पुर्वाधारको अभाव हुनु ।
- विशेष वालवालिका तथा अपांगता भएका वालवालिका विद्यालयको पहुँचमा नहुनु ।
- शिक्षकहरुलाई समयानुकुल तालिम वा पेशागत सहगोय नहुनु ।
- अभिभावकहरु आफ्नो वालवालिकाको सिकाई प्रति उत्तरदायी नहुनु ।
- समय समयमा अनुगमन तथा सुपरिवेक्षण नहुनु ।

मथि उल्लेखित चुनौति भएता पनि आधारभुत तहको शिक्षाको गुणस्तरीयता कायम गर्न तपशिल बमोजिमको अवसरहरु रहेका छन ।

- ❖ आधारभुत तहका विद्यार्थी हरुका लागी छात्रवृतीको व्यवस्था हुनु ।
- ❖ शिक्षक तालिमको व्यावस्था रहेको ।
- ❖ गा.पा.ले शिक्षक अनुदान कोटाको व्यावस्था गरेको ।
- ❖ अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता भएको ।
- ❖ स्थानिय पाठ्यक्र लागु गर्ने प्रस्तावित कार्यक्रम रहेको ।

उद्धेश्यहरु

- अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी सबै बालवालिकाको अधारभुत शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
- शैक्षिक गुणस्तर सुधार गरी बालबालिकाको न्युनतम सिकाई उलब्धी वृद्धिको सुनिश्चित गर्नु ।
- आधारभुत तहमा बालवालिकाको टिकाउ दरमा वृद्धि गर्नु ।
- विद्यालयको वातावरण भयरहित, सामावेशी तथा बिभेद रहित बालमैत्री बतावरण सिर्जना गरी बालमैत्री तथा समावेशी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- आधारभुत तहका विद्यालयहरुको भौतिक संरचना तथा शैक्षिक क्रियाकलाप बालमैत्री तथा समावेशी बनाउनु ।
- शिक्षकको पेशागतक्षमता अभिवृद्धि गरी शैक्षिक क्रियाकलापमा सुधार गर्नु ।
- प्रारम्भिक कक्षामा कक्षा शिक्षणको आवधारण व्यवस्था गर्नु ।
- आधारभुत तहका सबै विद्यालयमा सुचना, प्रविधि तथा सञ्चारको पहुँच गर्नु ।
- विद्यालयमा विपत् उत्थानशील भौतिक संरचना गर्नु तथा सकाई क्रियाकलापको निरन्तरता भएको अवस्था सिर्जना गर्नु ।

रणनीति

- प्रचलित मापदण्ड बमोजिम आधारभुत तहको विद्यालयको पुनः र्वितरण,समायोजन गरी सबै बालवालिकाको विद्यालयमा पहुच सुनिश्चित गर्नु ।
- आधारभुत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षालाई प्रभावकारी कार्यान्वयन गरिने ।
- एक वडा एक नमुना आधारभुत बिद्यालय अवधारण कार्यान्वयनमा ल्याई कार्यान्वयन गरिनेछ ।
- आधारभुत तहमा सघन भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम संचालन गरिने छ ।
- आधारभुत तहको विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति योजना लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहानका कार्यक्रम संचालन गरिने छ ।
- विद्यालय छोडने दरलाई न्युनिकरण गर्न अभिभावक शिक्षा अभिभावक भेटघाट अर्न्तक्रिया कार्यक्रम तथा जीवन उपयोगी सीप सम्बन्धि कक्षा संचालन गरिनेछ ।
- विद्यालय भन्दा बाहिर रहेका बालवालिकालाई विद्यालयको पहुँचमा ल्याई विद्यालयमा टिकाई रहन शैक्षिक सामग्री सहयोग तथा प्रोत्सहनका कार्यक्रम संचालन गरिनेछ ।
- जोखिम तथा अपाङ्गता भएका बालवालिका हरु लाई विद्यालयको पहुँचमा ल्याईनेछ ।
- शिक्षकको पेशागत दक्षताका लागि आवश्यक तालिम, क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।
- एकीकृत पाठ्क्रम प्रभावकारी कार्यान्वयनका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकलाई तालिम संचालन गरिने छ ।

- प्रारम्भिक कक्षामा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमद्धारा निर्मित शैक्षिक सामग्री उपलब्ध गराईने छ ।
- कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन तथा छापामय कक्षाकोठाको व्यवस्था मिलाईने छ ।
- बालबालिकाको थप अध्ययन तथा सिकाईका लागि सन्दर्भ सामग्रीको उपलब्धताको सुनिश्चित गरिने छ ।
- प्रारम्भिक कक्षामा कक्षा पुस्तकालयको स्थापना गरी बालवालिकालाई पढाईको अवसर प्रदान गरिने छ ।
- प्रारम्भिक कक्षामा मातृभाषा मार्फत कक्षा शिक्षण गरिने छ ।
- आधारभुत तहकाका लागी पाठयक्रममा आधारित रहि स्थानिय शैक्षिक सामग्री निर्माणमा जोड दिइने छ ।
- गरीब जोखिममा रहेका तथा जेहेन्दार बालबालिकालाई छात्रवृत्ति सहयोग गरिने छ ।
- सबै आधारभुत विद्यालयमा सुचना, प्रविधि तथा सञ्चारको न्युनतम भौतिक संरचना निर्माण गरिने छ ।

- प्रारम्भिक कक्षाका बालवालिकाको पठनसीप परीक्षणका लागि कक्षा कोठामा आधारित पठनसीप परीक्षण गरिने छ ।
- कक्षा ६ देखि ८ सम्मका बालवालिकालाई जीवन उपयोगी सीप शिक्षा प्रदान गरिने छ ।
- बालवालिकाको शैक्षिक उपलब्धीका बारेमा छलफल गर्न घरदैलो अभियान, अभिभावक शिक्षा संचालन गरिने छ ।
- कम्तीमा ५० प्रतिशत विद्यालयले प्राथमिकता प्राप्त न्युनतम आवश्यकताहरु (Priority Minimum Enabling Conditions- PMEC)पुरा गरेको सुनिश्चिता गरिने छ ।

**आधारभुत शिक्षाको तार्किक ढाँचा**

| उपलब्धी | नतिजा | मुख्य कार्य सम्पादन मापन सुचकहरु | मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका आधारहरु |
|---|---|---|---|---|---|
| **पहुँच, अवसर तथा समतामा सुधार भएको** | सबै बालबालिका बिद्यालयमा भर्ना भएका हुनेछन । <br> असमानता घटाई सबैका लागि अवसर सृजना भएको हुनेछ । <br> जोखिम तथा अपाङ्गता भएका बालवालिकाको | • कुल तथा खुद भर्नादर <br> • बालविकासको अनुभव प्राप्त बालबालिकाको भर्ना <br> • विद्यालयको | • भर्ना अभियान <br> • आवश्यकतानुसार मापदण्डका आधारमा कक्षाकोठा निर्माण <br> • नि:शुल्क पाठ्पुस्तक वितरण <br> • जोखिम तथा | • ७६९जना ५ वर्षका बालवालिका कक्षा १ मा भर्ना हुनेछन <br> • १०० प्रतिशत विद्यालय बाहिर रहेका बालबालिका विद्यालय भर्ना हुने । | IEMIS तथ्याङक, <br> हाजिरी रजिस्टर, <br> अनुगमन प्रतिबेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षामा पहुच सुनिश्चता भएको हुनेछ । | सुरक्षित वातारण सिर्जना | विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याइने । | • जोखिममा रहेका तथा अपाङ्गता भएका सबै बालवालिका विद्यालयमा भर्ना हुने । | |
| | शतप्रतिशत विद्यालयमा सुरक्षित तथा बालमैत्री विद्यालय बातावरणको व्यवस्था भएको हुनेछ । | | | | |
| | आधारभुत तह पुरा गर्ने बालबालिकाको संख्यामा वृद्धि गरिनेछ । | कक्षा ८ को टिकाउ दर | | | |
| **अनिवार्य तथा निःशुल्क शिक्षामा पहुँच र सहभागीताको सुनिश्चित भएको** | आधारभुत तहको शिक्षा निःशुल्क तथा अनिवार्य सुनिश्चित गरिने छ । | • कुल भर्नादर<br>• सबै बालबालिकाले निःशुल्क शिक्षा पाएको संख्या<br>• टिकाउ दर | • निशुल्क पठनपाठनको व्यवस्था<br>• छात्रवृत्ती तथा शैक्षिक सामग्री सहयोग | • आधारभुत तहको सबै बालबालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्ने<br>• सबै बालबालिकालाई पाठ्पुस्तक उपलब्ध गराईने<br>• १०० जना जोखिम तथा जेहेन्दार बालवालिकालाई शैक्षिक सामग्री सहयोग | IEMIS तथ्याङक,<br><br>हाजिर रजिस्टर,<br><br>अनुगमन प्रतिबेदन |
| | बालवालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री प्रदान गरिने छ । | | | | |
| **न्युनतम सिकाई उपलब्धीमा सुधार भएको हुने ।** | वर्तमान सिकाई उपलब्धीमा वृद्धि भएको | • विषयगत सिकाई उपलब्धी<br>• प्रारम्भिक बालवालिकाको पठन सीपमा सुधार भएको<br>• टिकाउ दरमा वृद्धि<br>• कक्षाकोठामा उपस्थिति वृद्धि<br>• बालबालिकाको सिकाईमा वृद्धि<br>• शैक्षिक सामग्रीको | • पढाईका लागि सामग्री विकास तथा वितरण गर्ने<br>• कक्षा १ देखि ३ सम्म कक्षा शिक्षण गर्ने<br>• कक्षा १देखि ३, ५ तथा ८ मा स्तरीकण सिकाई मुल्याङकन गर्ने ।<br>• बसाई व्यवस्थापनको लागि कार्पेट तथा अन्य सामग्री सहयोग | • ४१वटा विद्यालयलाई बुक कर्नरका लागि सहयोग<br>• सबै कक्षा १ देखि ३ सम्मका विद्यालयमा बसाई व्यवस्थापन कार्पेट साथै अन्य सामग्री सहयोग<br>• ४१ वटा विद्यालयमा शैक्षिक सामग्री सहयोग गर्ने | IEMIS तथ्याङक,<br><br>हाजिर रजिस्टर,<br><br>अनुगमन प्रतिबेदन |
| | प्रारम्भिक कक्षा पढाई सीपको अभिवृद्धि भएको | | | | |
| | बालबालिकाको वर्तमानको टिकाउ दरमा वृद्धि भएको | | | | |
| | बालबालिकाको विद्यालयमा उपस्थिति दर वृद्धि भएको | | | | |
| | बालबालिका हरुलाइ जीवन उपयोगी सीपको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जानकारी भएको ।<br>बालमैत्री कक्षा व्यवस्थापन भएको | प्रशस्त पहुच तथा सिकाई क्रियाकलाप गरेको । | • कमजोर बालबालिका लागी थप उपचारात्मक कक्षा संचालन गर्ने<br>• | ।<br>• २००० जना बालबालिकलाई जीवन उपयोगी शिक्षा प्रदान गर्ने ।<br>• प्रारम्भिक कक्षामा शैक्षिक सामग्रीको व्यवस्थापन | |
| **शिक्षाको पेशागत दक्षता अभिवृद्धि गरी गुणस्तरमा सुधार आएको** | कक्षाकोठामा उपस्थिति र कार्यसम्पादनमा सुधार हुने<br>शिक्षको शिक्षण कार्यमा सुधार भएको<br>विद्यालयमा बालमैत्री, भय, डर, त्रास तथा बिभेद रहित बातावरण भएको | • शिक्षकले कक्षाकोठामा बिताउने समय<br>• पाठयोजना बनाई प्रयोग गरेको<br>• तालिम प्राप्त शिक्षको संख्या<br>• बालबालिकाको सिकाई उपलब्धी | • क्षमता विकास तालिम<br>• विषयगत शिक्षकसंग अन्तरक्रिया<br>• | • कक्षा १ देखि ३ सम्मका १२३ शिक्षकलाई एकीकृत पाठ्यक्रमको तालिम प्रदान<br>• मागमा आधारित माध्यमिक तह सम्म तालिम<br>• मनोसामाजिक सम्बन्धि taालिम<br>• पाठ्क्रम तथा निर्देशिकाको उपलब्धता | अनुगमन प्रतिबेदन, कक्षाकोठा अवलोकन फारम |
| **सुचना प्रविधि मार्फत शिक्षण क्रियाकलापमा वृद्धि तथा पहुँच विस्तार भएको** | कक्षाकोठामा सुचना प्रविधि मार्फत पठन पाठन<br>विद्यालयमा ICT जडान तथा प्रयोग<br>विद्यालयमा विद्युतिय पुस्तकालय भएको<br>बालवालिकाको ICT पठनपाठनमा पहुँच भएको | • सिकाई क्रियाकलापमा ICT को प्रयोग | • सुचना प्रविधि सम्बन्धि सामगी उपलब्ध गराउने ।<br>• शिक्षकलाई तालिम | • सबै विद्यालयमा नवीतम प्रबिधिबाट पढाउने<br>• विद्यालयमा इन्टरनेट तथा बिजुलीको उपलब्धता हुने । | IEMIS data बिभिन्न प्रतिबेदन |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयको नक्साङ्कन, | विद्यालय | ४१ | | | | | | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुनर्वितरण तथा समायोजन | | | | | | | | |
| २ | विद्यालयमा मापदण्ड अनुसार तथा विषयगत शिक्षकको व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ३ | नमुना आधारभुत विद्यालय निर्माणका लागि निर्देशिका तथा कार्यक्रम तयार गर्ने | संख्या | १ | ० | ० | ० | ० | | स्थानीय तह |
| ४ | सबै बालवालिकाको बिद्यालयमा शिक्षामा पहुँच वृद्धिका लागि सघन अभियान संचालन गर्ने | संख्या | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ५ | एकीकृत पाठ्यक्रमलाई थप प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई तालिम प्रदान | जना | १२३ | ० | ० | ० | ० | | |
| ६ | प्रारम्भिक कक्षाको एकिकृत पाठ्यक्रम सम्बन्धि पुर्नताजगि तालिम | जना | १२३ | | | १२३ | | | |
| ७ | आधारभुत तहमा (कक्षा ४ देखि ८) मागमा आधारित तालिम संचालन | जना | | | | | | | |
| ८ | प्रारम्भिक कक्षामा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमद्धारा निर्मित शैक्षणिक सामग्री वितरण | विद्यालय | १० | १५ | १६ | ० | ० | | |
| ९ | प्रारम्भिक कक्षामा बालवालिकाको बसाई व्यवस्थापनका लागि कार्पेट तथा कक्षाकोठा छापामय बनाउनका सहयोग गर्ने । | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | |
| १० | विद्यालयको भवन निर्माण तथा फर्निचर, तारबार तथा खेलकुद सहयोग | विद्यालय | २ | ५ | ५ | ० | ० | | सशर्त बजेट, स्थानीय तथा प्रदेश बजेट |
| ११ | शौचालय तथा खानेपानीको व्यवस्था | विद्यालय | २ | ५ | ५ | ० | ० | | सशर्त बजेट, स्थानीय तथा प्रदेश बजेट |
| १२ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास पुस्तिका उपलब्ध गराउने । | बालबालिका | ✓ | ✓ | | ✓ | | | संघ |
| १३ | स्थानीय शैक्षिक सामग्री | जना | ० | १५ | ० | ० | ० | | स्थानीय तहको बजेट |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माणका लागि स्रोत व्यक्तिको उत्पादन | | | | | | | | |
| १४ | स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | ० | ४१ | ४१ | ४१ | ४१ | | स्थानीय तह |
| १५ | आधारभुत विद्यालयलाई निर्देशिका तथा कार्यविधि बमोजिम Grant budget सहयोग गर्ने | विद्यालय | | | | | | | संघ, प्रदेश, स्थानीयको बजेट |
| १६ | विपन्न, जेहेन्दार बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण | ज्ना | ५० | १०० | ५० | ५० | ५० | | संघ, प्रदेश, स्थानीयको बजेट |
| १७ | कक्षा १ देखि ३ सम्म बालबालिकाको पठनसीप परीक्षणका लागि कक्षा कोठामा आधारित पठन सीप परीक्षण (CB-EGRA) संचालन गर्ने | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | | सशर्तको बजेट, NEGRP न्युनतम प्यकेज |
| १८ | कक्षा १ देखि ५ कक्षा सम्म पुस्तकालयका लागि सहयोग गर्ने | विद्यालय | | १२ | १२ | १२ | १२ | | सर्शत अन्तरगतको बजेट |
| १९ | प्र.अ.द्वारा कक्षा अनुगमन | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | | स्थानीय तह |
| २० | कक्षा ६ देखि ८ सम्मका बालवालिकालाई जीवनउपयोगी शिक्षा दिने | संख्या | ५०० | ५०० | ५०० | ५०० | ० | | स्थानीय तह, विद्यालय |
| २१ | शिक्षकको पेशागत विकास | संख्या | २५ | २५ | २५ | २५ | २५ | | संघ, स्थानीय तह |

## माध्यामिक शिक्षा

### परिचय

समयको परिवर्तन संगै नेपालको शिक्षाको तहगत संरचनामा पनि समय समय मा परिवर्तन भएको पाइन्छ । शिक्ष ऐन २०२८ ले माद्यामिक तह भनेर कक्षा ९ र १० लाई मानेता पनि विभिन्न समयका कार्यक्रम र योजनाको स्वीकृतिमा अहिले विद्यालय तहको संरचना आधारभुत तह र माध्यमिक तह गरी दुई भागमा विभाजित भएको छ । माध्यमिक तह कक्षा ९ देखी १२ को सिकाई उपलब्धिलाई मापन गर्नका लागि राष्ट्रिय परीक्षा बोर्डको पनि गठन भएको छ । माध्यमिक तहमा आत्मविश्वास, नैतिकवान,चरित्रवान,इमान्दारीता,लोकतान्त्रीक आचरण भएका राष्ट्रिय एकता भाव,बहुसाँस्कृतिक ,मुल्य,मान्यता, विविधता राष्ट्रिय आर्दश गर्न सक्ने,शान्ति मानवअधिकार,दिगोविकास,पर्यावरणीय सन्तुलन,द्धन्द व्यवस्थापन र विपत व्यवस्थापन प्रति सचेत र जिम्मेवार सबै प्रकारका पेशाप्रति सम्मान गर्न सक्ने सीपयुक्त ज्ञान प्रविधिले युक्त र राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने व्यक्तिगत र

राष्ट्रिय रुपमा आइपर्ने  समस्याहरु सँग जुध्न सक्ने अरुको विचार  र भावनाको  सम्मान एवं कदर गर्न सक्ने सकारात्मक सोच  सृजनशील नागरिक तयार पार्न माध्यमिक शिक्षाको उद्देश्य रहेको छ ।

**वर्तमान अवस्थाः**

यस गाउँपालिकामा माध्यमिक तह( ९–१०) सम्म कक्षा संचालन भएका विद्यालय ९ वटा र कक्षाा ( ११–१२) संचालन भएका ३ वटा विद्यालय रहेका छन । शैक्षिक सत्र २०७७ का अनुसार माध्यमिक तहमा जम्मा ११६९ जना बालवालिका अध्ययनरत छन जसमा ६३७ छात्रा ५३२ छात्र रहेको छन ।
यस गाउँपालिका अन्तरगत मा.वि तह (११–१२) जम्मा १२ जना शिक्षक करार सेवामा, मा.वि तह (९–१०) मा स्थायी ५ जना र राहत १४ जना गरी जम्मा १९ जना शिक्षक कार्यरत रहेका छन ।

माध्यमिक तह ९ देखि १२ कक्षामा खुद भर्नादर ८५.८४ र कुलभर्नादर ४४.४६ रहेको छ । लैङ्गिक समता सुचक ०.८५ रहेको छ । कक्षा १० को टिकाउ दर ५५.४ रहेको छ ।  महिला शिक्षको प्रतिशत २.३३ रहेको छ ।

**अवसरहरु**

- माद्यामिक तहका दलित,जेहेन्दार,छात्रा,अपांग विद्यार्थी हरुकालागी छात्रवृतीको व्यवस्था हुनु ।
- माद्यामिक तहका शिक्षकहरुका लागी ICT तालिमको व्यावस्था रहेको ।
- गा.पा.ले शिक्षक अनुदान कोटाको व्यावस्था गरेको ।
- अनिवार्य शिक्षाको सुनिश्चितता भएको ।
- SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुका लागी उच्च शिक्षामा सहुलियत प्रदान गर्ने प्रस्तावित कार्यक्रम राखेको ।
- यस गा.पा. वाट Engineering and Medical studies कालागी ५० प्रतिशत सहुलियत छात्रवृत्ति कार्यक्रम संचालन गर्न कार्यविधि निर्माण गरेको ।

**चुनौतीहरु :**

- माध्यमिक तहको तहपुरा गर्ने दर न्युन हुनु ।
- बालवालिकाको सिकाई उलबब्धी न्युन हुनु ।
- बालविवाहको कारण विद्यालय छोड्ने दर उच्च हुनु
- माध्यमिकतहमा विषयगत शिक्षकको अभाव हुनु ।
- विज्ञान प्रयोगशालाको अभाव हुनु ।
- विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी नहुनु ।
- विद्यार्थी उपस्थिति  दरमा अनियमितता ।
- विशेषबालवालिका तथा अपांगता भएका वालवालिका विद्यालयको पहुँचमा नहुनु ।

- शिक्षकहरु लाई समयानुकुल तालिम वा पेशागत सहगोय नहुनु ।
- अभिभावकहरु आफ्नो वालवालिकाको शिकाई  प्रति उत्तरदायी नहुनु ।
- समय समयमा अनुगमन तथा सुपरिवेक्षण नहुनु ।
- अझै पनि माद्यामिक विद्यालयमा ICT को पहुँचमा कमी हुनु ।
- कक्षा कोठा,शौचालय,खानेपानी,खेलमैदानको अभाव हुनु ।

उद्धेश्यहरुः

- माद्यामिक तहका विद्यार्थीहरुको पहुँच अभिवृद्धि गरि नैतिकवान,व्यावहारीक,सिपयुक्त र प्रतिस्पर्धी जनशक्ती उत्पादन गर्नु ।
- माध्यमिक तहको शिक्षा अनिवार्य तथा प्रभावकारी कार्यान्यन गरी सबै बालबालिकाको गुणात्मक शिक्षामा पहुँचको सुनिश्चित गर्नु ।
- माध्यामिक तहको खुद भर्नादर तथा टिकाउमा वृद्धि गर्नु ।
- सबै बालबालिकाको माध्यमिकतहको तह पुरा गर्ने दर सुनिश्चित गर्नु ।
- बालबालिकाको न्युनतम सिकाई उपलब्धी वृद्धिको सुनिश्चित गर्नु ।
- विद्यालयको भौतिक संरचना तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी तथा सुरक्षित गर्नु ।
- माध्यमिक तह सम्मका सबै विद्यालयमा विज्ञान तथा ICT प्रयोगशालाको स्थापना गर्ने ।
- गुणस्तरिय,प्राविधिक,व्यावसायिक तथा वैज्ञानिक र सान्द्रर्भिक शिक्षाको सुनिश्चित गर्नु ।

रणनीतिः

- माध्यमिक तहको शिक्षालाई अनिवार्य गरी सबै बालवालिकाको शिक्षामा पहुँच भएको सुनिश्चित गरिने छ ।
- दुर्गम तथा अपाङ्गता भएका बालवालिकाहरुको लागि आवासीय विद्यालयको व्यवस्थापन गरी उनीहको पहुँच सुनिश्चित गर्नु ।
- आश्यकता रहेका विद्यालयमा बालमैत्री तथा समावेशी भौतिक संरचना निर्माण गरिनेछ ।
- बालवालिकाको टिकाउ दरमा वृद्धि गर्न अभिभावक शिक्षा, जीवन उपयोगी सीप,आवश्यक छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग गरिने छ ।
- बालबालिकाको सिकाई उपलब्धी वृद्धि गर्नका लागि थप ट्युसन कक्षा संचालन गरिने छ ।
- शिक्षकको पेशागत क्षमता  अभिवृद्धि गरी कक्षा कोठा भित्रको शिक्षणमा सुधार गरिनेछ ।
- प्राविधिक धारको शिक्षाको विस्तार तथा सुदृढ गरिने छ ।

माध्यमिक    शिक्षा तार्किक ढाँचा

| उपलब्धी | नतिजा | मुख्य कार्य | मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका |
|---|---|---|---|---|---|

| | | सम्पादन मापन सुचकहरु | | | आधारहरु |
|---|---|---|---|---|---|
| **पहुच, अवसर तथा समतामा सुधार भएको** | सबै बालबालिकाको अनियवार्य भर्ना भएको<br>असमनता घटाई सबैका लागि अवसर सृजना गर्ने<br>सबै बालबालिका सुचना<br>विद्यालयमा पर्याप्त मात्रमा सुरक्षित भवनको व्यवस्थापन<br>विद्यालयमा सबै बालबालिकालाई सुचना प्रबिधिको पहुच<br>सबै माध्यमिक विद्यालयले आधारभुत मापदण्ड पुरा गरेको हुने | कक्षा ९ दखि १२ को कुल भर्नादर तथा खुद भर्नादर<br>कक्षा १० र १२ मा टिकाउ दर | • गरीव जेहेन्दार बालबालिकालाई उच्च शिक्षाका लागि छात्रवृत्ति सहयोग(आवसीय गैर आवसीय)<br>• सुविधा सम्पन्न कक्षाकेठा तथा शौचालय निर्माण | • १०० प्रतिशत बालबालिका भर्ना हुने<br>• विद्यालयमा बालमैत्री, भेदभाव रहित वातावरण सिर्जना गर्ने<br>• १०० प्रतिशत विद्यालयमा गुनासो पेटीका स्थापना गरिने छ।<br>• सबै बालबालिकालाई प्राविधिका शिक्षाको अवसर प्रदान गरिनेछ। | IEMIS data प्रतिबेदन |
| **व्यवसायिक तथा प्राविधिक शिक्षाको विस्तार तथा गुणात्मक अभिवृद्धि** | सबै माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार तथा सुदृढीकरण गर्ने<br>प्राविधिक तथा व्यवसायिक शिक्षाका शिक्षकको क्षमता अभिवृद्धि गर्ने | • प्राविधिक कक्षा संचालन भएको विद्यालय<br>• कक्षा ९ देखि १२ सम्म प्राविधिक विषयमा भर्ना भएका बालबालिका | • प्राविधिक तथा व्यवसायिक शिक्षको न्युनतम शैक्षिक गुणस्तर कायम गर्ने<br>• | • ६० प्रतिशत बालबालिकालले प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गर्ने छन।<br>• जम्मा १०० जना.शिक्षकले आवश्यताका आधारमा पुर्व सेवकालीन तथा सेवाकालीन तालिम प्राप्त गर्ने छन। | |
| **टिकाउ दरमा वृद्धि भएको** | वर्तमान आधार रेखा भन्दा टिकाउ दर वृद्धि हुने<br>बालबालिकाको उपस्थिति दरमा वृद्धि | टिकाउ दर<br>औषत उपस्थिति | • शिक्षक अभिभावक अन्तरक्रिया<br>• छात्रवृत्ति सहयोग<br>• जीवनयपयोगी सीप शिक्षा<br>• भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया | • सघन भर्ना अभियान संचालन<br>• शिक्षक, अभिभावक बीच अन्तरक्रिया<br>• १५०० जना बालवालिकाकलाई जीवनउपयोगी सीप | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रदान | |
| तह पुरा गर्ने बालवालिकाको दरमा वद्धि भएको हुने | वर्तमान आधार रेखा भन्दा तह कक्षा दर वृद्धि हुने | तह पुरा | • शिक्षक अभिभावक अन्तरक्रिया<br>• छात्रवृत्ति सहयोग<br>• जीवनयपयोगी सीप शिक्षा<br>भर्ना अभियान तथा शैक्षिक अन्तरक्रिया | • बालबालिकालाई छात्रवृत्ति सहयोग<br>• शिक्षक, अभिभावक बीच अन्तरक्रिया | |
| शिक्षाको पेशागत दक्षता अभिवृद्धि गरी गुणस्तरमा सुधार आएको<br>शिक्षण सिकाई तथा बालबाललिकाको सिकाई उपलब्धीमा वृद्धि भएको | कक्षाकोठामा उपस्थिति र कार्यसम्पादनमा सुधार हुने<br>शिक्षको शिक्षण कार्यमा सुधार भएको<br>बालवालिकाको न्युतम सिकाई उपलब्धीमा वृद्धि गर्ने<br>बिद्यालयमा विज्ञान र सुचना प्रविधि प्रयोगशालाका पाठ्यक्रम तथा सिकाई सामग्री | • शिक्षकले कक्षाकोठामा बिताएको समय<br>• सिकाई उपलब्धी<br>• विद्यालयमा ICT को पहुच तथा प्रयोग | • तालिम तथा अभिमुखीकरण<br>• पाठयोजना तयारी<br>• ICT को सहयोग | • १०० जना शिक्षकलाई पेशात तालिम प्रदान<br>• .१०० प्रतिशत शिक्षकले कक्षा शिक्षणका लागि पाठयोजना तयार गरी लागु गर्ने<br>• प्र.अद्वारा कक्षा अनुगमन तथा पृष्ठपोषण दिने।<br>• ....विद्यालयलाई सिकाई सामग्री सहयोग | |
| सुचना प्रविधि मार्फत शिक्षण क्रियाकलापमा वृद्धि तथा पहुच विस्तार गर्ने । | विद्यालयमा ICT जडान तथा प्रयोग<br>विद्यालयमा विद्युतिय पुस्तकालय भएको<br>बालवालिकाको ICT पठनपाठनमा पहुच भएको | विद्यालयमा ICT को पहुच तथा प्रयोग | • तालिम तथा अभिमुखीकरण<br>• पाठयोजना तयारी<br>• ICT को सहयोग | • जम्मा १८ विद्यालयलाई ICT सहयोग<br>• १०० प्रतिशत विद्यालयमा विद्युतीय पुस्तकालयको स्थापना गर्ने।<br>• सबै विद्यालयमा ICT को प्रयोगबाट पठनपाठन गर्ने | |

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १. | नि:शुल्क माध्यमिक शिक्षाको | संख्या | १ | | | | | | संघ, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि। निर्देशिका तयारी | | | | | | | | स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्र पहिचान गरी सेवा क्षेत्रका बालबालिकाहरुको पुर्ण रुपमा भर्नाको सुनिश्चिता गर्ने | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ३ | विद्यालयमा बिज्ञान प्रयोगशाला स्थापना गर्ने | विद्यालय | २ | २ | ४ | २ | २ | | संघ, स्थानीय तह |
| ४ | सघन भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ५ | सबै विद्यालयमा कम्पुटर, प्रोजेक्टर जस्ता ICT सम्बन्धित सामग्री सहयोग गर्ने | विद्यालय | २ | २ | ५ | ५ | ४ | | संघ, स्थानीय तह |
| ६ | मा.वि. आवासीय विद्यालय संचालन तथा व्यवस्थापनका लागिGrant support सहयोग | विद्यालय | ० | २ | ४ | ३ | २ | | संघ, स्थानीय तह |
| ७ | कक्षा छोड्ने दर कम गर्न किशोर किशारी तथा अभिभावकसंग अन्तक्रिया गर्ने | पटक | ८२ | ८२ | ८२ | ८२ | ८२ | | स्थानीय तह |
| ८ | आवश्यकतानुसार शिक्षकको बिकास अभिवृद्धि गर्ने | संख्या | २० | २० | २० | २० | २० | | संघ, स्थानीय तह |
| ९ | विद्यालयको न्युतम भौतिक पुर्वाधार विकास(कक्षाकोठा फर्निचर, शौचालय, खानेपानी, घेराबार) | संख्या | २ | २ | २ | २ | २ | | संघ, स्थानीय तह |
| १० | बालबालिकालाई जीवनउपयोगी सीप प्रदान गर्ने | संख्या | ५०० | ७०० | १०० | १०० | १०० | | स्थानीय तह |

**आधारभुत माध्यमिक शिक्षाका लागि आवश्यक बजेट:**

| क.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १. | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | २५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | | | ✓ | | | |
| २ | विद्यालयमा मापदण्ड अनुसार तथा विषयगत शिक्षकको | १२७००००० | १२७००००० | १२७००००० | १२७००००० | १२७००००० | १२७००००० | | ✓ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | | | | | |
| ३ | नमुना आधारभुत विद्यालय निर्माणका लागि निर्देशिका तथा कायक्रम तयार गर्ने | २६००० ०० | ६००० ०० | ५०० ००० | ५०० ००० | ५०० ००० | ५०० ००० | | | | | | |
| ४ | सबै बालवालिकाको बिद्यालयको पहुँच वृद्धिका लागि सघन अभियान संचालन गर्ने | ५००० ०० | १००० ०० | १००० ०० | १००० ०० | १००० ०० | १००० ०० | | | | | | |
| ५ | एकीकृत पाठ्यक्रमलाई थप प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरुलाई तालिम प्रदान | १०००० ०० | २००० ०० | २००० ०० | २००० ०० | २००० ०० | २००० ०० | | | | | | |
| ६ | प्रारम्भिक कक्षाको एकिकृत पाठ्क्रम सम्बन्धि पुर्नताजगि तालिम | ७५००० ० | १५०० ०० | १५०० ०० | १५०० ०० | १५०० ०० | १५०० ०० | | | | | | |
| ७ | आधारभुत तहमा( कक्षा ४ देखि ८) मागमा आधारित तालिम संचालन | १०००० ०० | २००० ०० | २००० ०० | २००० ०० | २००० ०० | २००० ०० | | | | | | |
| ८ | आधारभुत कक्षामा बालवालिकाका बसाई व्यवस्थापनका लागि कार्पेट तथा कक्षाकोठा छापामय बनाउनका सहयोग गर्ने । | २००० ००० | ४०० ००० | ४०० ००० | ४०० ००० | ४०० ००० | ४०० ००० | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालयको भवन निर्माण तथा फर्निचर, तारावार तथा खेलकुद सहयोग | ७००००००० | १४०००००० | १४०००००० | १४०००००० | १४०००००० | १४०००००० | | | | | | |
| ११ | शौचालय तथा खानेपनीको व्यवस्था | ८००००००० | १६०००००० | १६०००००० | १६०००००० | १६०००००० | १६०००००० | | | | | | |
| १२ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास पुस्तिका उपलब्ध गराउने । | १६००००००० | ३२००००० | ३२००००० | ३२००००० | ३२००००० | ३२००००० | | | | | | |
| १३ | विपन्न, जेहेन्दार बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण | २००००००० | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | ४०००००० | | | | | | |
| १४ | कक्षा १ देखि ३ सम्म बालबालिकाको पठनसीप परीक्षणका लागि कक्षा कोठामा आधारित पठन सीप परीक्षण (CB-EGRA) संचालन गर्ने | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | | | | |
| १५ | कक्षा ६ देखि ८ सम्मका बालवालिकालाई जीवनउपयोगी शिक्षा दिने | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | | | | |
| २१ | शिक्षको पेशागत विकास | ७५००००० | १५००००० | १५००००० | १५००००० | १५००००० | १५००००० | | | | | | |
| २२ | सबै विद्यालयमा कम्पुटर, प्रोजेक्टर जस्ता ICT | १०४०००००० | २०८००००० | २०८००००० | २०८००००० | २०८००००० | २०८००००० | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धित सामग्री सहयोग गर्ने | | | | | | | | | | | | |

## प्राविधिक तथा व्यवसायिक शिक्षा

### परिचय

कुनै निश्चित पेसा वा व्यवसायिक ,ज्ञान सीप तथा प्रविधि प्रदान गर्ने शिक्षालाई प्राविधिक शिक्षा भनिन्छ। आजको समाज विज्ञान र प्रविधिको युगमा अडिएको छ। खाली कोरा पठाई र रटान शिक्षाको औचित्य माथि प्रश्न खडा भएको अवस्थामा प्राविधिक तथा व्यवसायिक शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान , शिक्षा ऐन (नवौं संशोधन) २०२८ र उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले यो शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाले दक्ष जनशक्ति जस्तै डाक्टर,डिजाइनर,नर्स,इन्जिनियर,पाईलट,सिलाई बुनाइ,एग्रोभेट आदिमा उत्पादन गर्ने गरेको छ ।

### अवसरहरु

- गापा.अर्न्तगत प्राविधिक धार संचालित विद्यालयहरुले प्राविधिक जनशक्ती उत्पादन गरिरहेका छन ।
- प्राविधिक जनशक्ती उत्पादनका अवसरहरु गा.पा. भित्रै रहेको छ ।
- गा.पा.ले प्राविधिक धार संचालित विद्यालयहरु लाई आर्थिक सहुलियत प्रदान गरिरहेको छ ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक सिप प्रर्वधनमा गाँउपालिकाले १० वर्षे रणनैतिक योजना लागु गर्नु ।

### चुनौतीहरु

- प्राविधिक शिक्षामा पर्याप्त लगानी नहुनु ।
- प्राविधिक शिक्षाको स्पष्ट नीति तथा योजना अभाव ।
- प्राविधिक शिक्षामा पँहुचको अभिवृद्धी हुन नसक्नु ।
- प्राविधिक शिक्षा तर्फ विद्यार्थी हरुको आकर्षण कम देखिनु ।
- भौगोलिक विकटता तथा विपन्नताका कारणले प्राविधिक शिक्षामा सवैको पँहुच नहुनु ।
- प्राविधिक जनशक्तीको वजारीकरण तथा उपयोगिताको कमी ।
- व्यावस्थापाको लागी आर्थिक कठिनाई हुनु ।

### उदेश्य

- माध्यमिक शिक्षा अनिवार्य बनाई सबै बालवालिकाको गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- प्रविधि, सीपयुक्त, नैतिकवान तथा स्वावलम्बी जनशक्ति उत्पादन गर्नु ।
- छोटो तथा लामो अवधीका आयमुलक तालिमहरु संचालन गरि स्वरोजगार अभिवृद्धि गर्नु ।

- माध्यमिक तहको कुल भर्नादर तथा खुदभर्ना दरमा वृद्धि भएको सुनिश्चित गर्नु ।
- बालावालिकाको टिकाउ दरमा वृद्धि भएको सुनिश्चित गर्नु ।
- गुणस्तरीय शिक्षा प्रदान गरी बालावालिकाको टिकाउ दर र सिकाई उपलब्धीमा वृद्धि भएको सुनिश्चित गर्नु ।
- प्राविधिक शिक्षाको विस्तार गरी सबै बालवालिकाको प्राविधिक धारको शिक्षामा पहुँच भएको सुनिश्चित गर्नु ।

रणनीतिहरु

- यस गा.पा.मा संचालित प्राविधिक शिक्षालयहरु लाई व्यवस्थित र गुणस्तरिय वनाइने छ ।
- भौगोलिक अवस्था लाई मध्यनजर गरि तथा विद्यालयहरुमा प्राविधिक शिक्षालय विस्तार गरिने छ
- गरिवी पिछडिएको वर्ग लाई प्राविधिक शिक्षाको अवसरमा पहुँच वृद्धि गरिने छ ।
- भौगोलिक अवस्था हावापानी माटोको आधारमा कृषी विद्यालयहरु स्थापना गरिने छ ।
- युवाहरु लाई प्राविधिक शिक्षा मार्फत स्वरोजगार सृजना गरि आयस्रोत वढाउने कार्यहरु संचालन गरिने छ ।
- छोटो अवधीका विभिन्न किसिमका सिप मुलक तालिम प्रदान गरि गरिवी न्युनीकरण गर्ने कार्यक्रमहरु लागु गरिने छ ।
- विश्व वजारमा प्रतिस्पर्धी र खपत हुने प्राविधिक जनशक्ती उत्पादनमा जोड दिइने छ ।
- स्थानिय पेशा,व्यावसाय र प्रविधिको विकासमा जोड दिइने छ ।

## पाठ्यक्रम तथा पाठ्यपुस्तक

### परिचय

पाठ्यक्रम शब्दको प्रयोग सन १९१८ तिर फ्रेकलिन वविट ले सर्वप्रथम आफ्नो पुस्तक curriculam Theory मा प्रयोग गरेका थिए परम्परागत शैलीमा पाठ्यक्रम भनेको कुनै पनि विषय वस्तुको सुचि लाई वुझाउथ्यो भने हिल्डा टावा को समयमा आएर विद्यालय भित्र वा वाहिर विद्यार्थीहरुमा रहेको उपलब्धीहरु प्राप्त गराउन विद्यालय द्धारा गराउने सम्पुर्ण प्रयासहरु लाई नै पाठ्यक्रम भनेर भनिएको थियो । सवै प्रकारका विषय वस्तु र पाठ्यसामग्रीको एक दस्तावेज जसले शिक्षाका उदेश्यहरु,उपलब्धीहरु,आदतहरु,व्यवहारहरु र अनुभव लाई उच्चतम विन्दुमा कार्यक्रम संचालन गरि लागु गर्ने वाटोको रुपमा पाठ्यक्रम लाई लिईन्छ । यसै गरि नेपालमा पनि शिक्षाको इस्तीहार १९९६ देखी नै पाठ्यक्रम शिक्षण सिकाई प्रक्रियाको सहयोगी सामग्रीको रुपमा प्रयोग गरिएको पाइन्छ । रा.शि.प. २०२८ का अनुसार पाठ्यक्रम भनेको शिक्षाको राष्ट्रिय उदेश्य प्राप्तीका लागी वनाइएको एक शैक्षिक कार्यक्रम हो भनि परिभाषित गरिएको छ ।

पाठ्यक्रम उदेश्य,विषयवस्तु,क्रियाकलाप ,मुल्यांकन मिली वनेको एक शैक्षिक योजना हो । नेपालको सर्न्दभमा प्रयोग गरिएका उदेश्य,विषयवस्तु,शिक्षण सिकाइ क्रियाकलाप,मुल्यांकन आदी लाई मुख्य लाई केन्द्रमा राखी केन्द्रीय सरकार देखी स्थानिय तह सम्म विभिन्न तहका पाठ्यक्रम निर्माण गरेको पाइन्छ । राष्ट्रिय पाठ्यक्रम पारुप २०७६, तथा आधारभुत पाठ्क्रम २०७६ ले आधारभुत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धि क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक पाठ्यघण्टा १६० र कक्षा ४–८ मा मातृभाषा वा अन्य कुनै विषयवस्तु नामाकरण गरी पाठ्यभार ४ र पाठ्यघण्टा १२८ तोकेको छ ।

यसैकुरा लाई केन्द्रित गरि मेल्लेख गा.पा.ले पनि आफ्नो १० वर्षे रणनीतिक गुरु योजनामा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी समाज सुहाउदो आवश्यक्तामुखी स्थानिय पाठय्क्रम तथा पाठ्यपुस्तक वनाउने जमर्को गरेको छ । जसमा स्थानिय स्तरका कला,संस्कृती,प्रविधि,भेषभुषा,रीतिरिवाज आदी लाई समेटी आफ्नो दिर्घकालिन रणनैतिक योजना वनाएको छ ।आगामी ५ वर्ष भित्र स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरि लागु गरिने छ जसको कार्यतालिका निम्नानुसार रहेको छ ।

| कक्षा | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ | शैक्षिक वर्ष २०८० | शैक्षिक वर्ष २०८१ | शैक्षिक वर्ष २०८२ |
|---|---|---|---|---|---|
| १ | परीक्षण | लागु | | | |
| २ | | परीक्षण | लागु | | |
| ३ | | परीक्षण | लागु | | |
| ४ | | | | परीक्षण | लागु |
| ५ | | | | परीक्षण | लागु |

यस गाउँपालिकामा पाठ्यक्रम तथा पाठ्यपुस्तकका दृष्टिकोणले तपशिल बमोजिमका चुनौतीहरु देखिएका छन जसलाई समाधान गर्दै अगाडी बढ्ने रणनितिहरु तय गरिएको छ ।

- स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार पार्न दक्ष जनशक्ती अभाव हुनु ।
- प्रर्याप्त मात्रामा शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव हुनु ।
- तालिम प्राप्त दक्ष जनशक्तिको अभाव हुनु ।
- भौगोलिक विकटताले समयमै पाठ्पुस्तक हरु आपुर्ति गर्न कठिन हुनु ।

विभिन्न चुनौती भएता पनि ती चुनौतीहरुका साथ साथै केही अवसरहरु पनि रहेका छन ।

- स्थानिय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु हुनु ।
- पालिकाले पाठ्यक्रम सम्बन्धी नीतिगत कार्ययोजना तयार पारी कार्यन्वयन गर्नु ।
- समयमै पाठ्यक्रम पाठ्यपुस्तकहरु उपलब्ध हुनु ।
- माद्यामिक तह सम्म पाठ्यपुस्तक तथा पाठ्यक्रम निःशुल्क उपलब्ध हुनु ।

## उद्धेश्यहरु

- यस क्षेत्रको धर्म,संस्कृति,रितिरिवाज,चालचलन,ऐतिहासिता,भौगोलिकताको क्षेत्रमा स्थानीय पाठ्क्रम निर्माण गरी लागु गर्नु ।
- स्थानिय परिवेश र पाठयक्रम सुहाउदो शैक्षिक सामग्री निर्माण गर्नु ।
- स्थानिय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण गरि लागु गर्नु ।

## रणनीति

- स्थानीय आश्यकतालाई सम्वोधन हुने खाले स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गरिने छ ।
- स्थानीय पाठ्यक्रम निर्माणका लागि कार्यदल तथा विषय विज्ञ समुह गठन गरिने छ ।
- स्थानीय भुगोल,रीतिरिवाज,धर्म,संस्कृति आदिका जानकार व्याक्ति हरुसंग स्थानीय पाठ्क्रम निर्माणका क्षेत्र तथा विषयवस्तु पहिचानका लागि अर्न्तक्रिया गरिने छ ।
- समयमै पाठ्यपुस्तक तथा सर्न्दभ सामग्रीहरु उपलब्ध गराइने छ ।
- स्थानिय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरु उत्पादन र प्रयोगमा जोड दिइने छ ।
- पाठ्यक्रम प्रवोधिकरण कार्यशालाहरु संचालन गरिने छ ।
- पाठ्यक्रम केन्द्रित शिक्षक तालिम तथा कार्यशाला संचालन गरिने छ।

## पाठ्यक्रम तथा पाठ्यपुस्तक तार्किक ढाँचा

| उपलब्धी | नतिजा | मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका आधारहरु |
|---|---|---|---|---|
| स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्य पुस्तक निर्माण भएको<br>स्थानीय पाठ्क्रम निर्माण तथा पाठ्य पुस्तक लागु भएको | स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण भएको<br>स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक बिद्यालयमा प्रयोग भएको<br>सबै बालबालिकाकाले पाठ्पुस्तक तथा अध्ययन सामग्री प्राप्त गरेको | • अभिमुखीकरण, कार्यदल गठन तथा पाठ्यक्रम निर्माण<br>• सरोकारवालाहरुसंग छलफल<br>• पाठ्यक्रम प्रबोधीकरण<br>• स्थानीय पाठ्क्रम निर्माण तथा बालबालिकालाई उपलब्धता<br>• शिक्षकलाई तालिम | • कक्षा १ देखी ५ सम्मको पाठ्यक्रम निर्माण<br>• कक्षा १ देखी ५ सम्मको सबै बालबालिकालाई स्थानीय पाठ्यपुस्तक बितरण<br>• शिक्षकलाई तालिम | प्रतिबेदन, IEMIS report |

## कार्यक्रम वा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यशाला गोष्ठी | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| २ | पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यदल गठन | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ३ | सल्लाह सुझावका लागि परामर्श बैठक आयोजना गर्ने | | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ४ | पाठ्यक्रम तथा पाठ्यपुस्तक अन्तिम रुपम दिई अनुमति तथा प्रमाणिकरणका लागि कार्यपालिकाकाबाट स्वीकृत गर्ने | | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ५ | शिक्षकलाई क्षमता विकासको तालिम आयोजना गर्ने | जना | १ | १ | १ | १ | १ | | संघ, स्थानीय तह |
| ६ | समयमै बालवालिकालाई पाठ्पुस्तक उपलब्ध गराउने | जना | १ | १ | १ | १ | १ | | संघ, स्थानीय तह |
| ७ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारीताको अनुगमन, मुल्याङ्कन तथा प्रतिबेदन | | १ | १ | १ | १ | १ | | |

## पाठ्यक्रम तथा पाठ्यपुस्तक आवश्यक बजेट

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १. | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यशाला गोष्ठी | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | ✓ | | | |
| २ | पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि कार्यदल गठन | २५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | | | ✓ | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पाठ्यक्रम तथा पाठ्यपुस्तक लाई अन्तिम रुपम दिई अनुमति तथा प्रमाणिकरणका लागि कार्यपालिकाबाट स्वीकृत गर्ने | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | | | | |
| ५ | शिक्षकलाई क्षमता विकासको तालिम आयोजना गर्ने | १०००००० | २००००० | २००००० | २००००० | २००००० | २००००० | | | | | | |
| ७ | स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रभावकारीताको अनुगमन, मुल्याङन तथा प्रतिबेदन | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

## शिक्षक व्यस्थापन, तयारी तथा पेशागत विकास सहयोग

### परिचय

शिक्षकलाई समय सान्दर्भिक ,पेशाप्रति उत्तरदायी,आकर्षित, शिक्षण क्रियाकलापमा प्रभावकारी र समावेशिकरण बनाउन शिक्षक व्यवस्थापन र तयारीको अहम भूमिका रहेको हुन्छ । यसै कुरालाई मध्यनजर गरी मेल्लेख गाउँपालिकाले दश वर्षे शैक्षिक रणनीतिक योजनामा शिक्षक व्यवस्थापन र तयारीका बारेमा रणनीतिक योजना बनाएको छ ।

### उद्देश्य

- आवश्यक सङ्ख्यामा विषयगत दरबन्दिको व्यवस्थापन गर्नु ।
- विद्यार्थीको संख्या, भूगोललाई आधार मानी शिक्षक दरबन्दिमा हेरफेर गर्ने ।

- योग्यता,क्षमता र कार्यदक्षताका आधारमा विद्यालयमा प्र.अ.को व्यवस्थापन गर्ने ।
- आवश्यकता र मागको आधारमा शिक्षकलाई तालिम प्रदान गर्नु ।
- शिक्षकलाई पेशा प्रति सुनिश्चतता गर्नु ।
- विद्यालयमा अनुगमन र मूल्याकंनमा जोड दिने ।
- विद्यालयमा राखिएका सम्पूर्ण शिक्षक कर्मचारीलाई आवश्यक थप सेवा सुविधा अवलम्बन गर्ने ।
- शिक्षण सिकाइ क्रियाकलापमा सूचना र प्रविधिको अधिकतम प्रयोग गर्ने ।
- प्रत्येक शिक्षकलाई शैक्षिक सामग्री निमार्ण गर्नको लागि आवश्यक सामग्री उपलब्ध गराउने,

रणनीति

- विद्यार्थी संख्या, भूगोलको आधारमा शिक्षक दरबन्दि व्यवस्थापन गरिनेछ ।
- शिक्षकको पेशागत सहयोगका लागि आवश्यकता र मागको आधारमा तालिम प्रदान गरिनेछ
- योग्यता ,दक्षता, र लगनशिलता आधारमा विद्यालयमा प्र. अ. को व्यवस्था गरिनेछ ।
- विद्यालयमा राखिएका सम्पूर्ण शिक्षक कर्मचारीलाई आवश्यक थप सेवा सुविधा अवलम्बन गरिनेछ।
- विद्यालयमा अनुगमन र मूल्यांकंनमा जोड दिइनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापमा सूचना र प्रविधिको अधिकतम प्रयोग गर्नका लागि कम्प्युटर ,ल्यापटप , प्रोजेक्टरको व्यवस्था मिलाइने छ ।
- विद्यालयमा  शिक्षण सिकाइ क्रियाकलापको अनुगमन र मूल्याकंन गरिनेछ ।
- शिक्षक तथा शिक्षण सिकाइ कार्यलाई सूचना तथा प्रविधीसँग जोडिनेछ ।

**चुनौतिहरु**

- आवश्यक संख्यामा विषयगत दरबन्दि नहुनु ।
- योग्यता र क्षमताका आधारमा प्र. अ. नियुक्ति नहुनु ।
- विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दि मिलाउन  नसक्नु  ।
- शिक्षकलाई समय -समयमा  तालिमको व्यवस्थापन गर्न नसक्नु
- विद्यालयमा  सुपरीवेक्षण ,अनुगमन र मूल्याकंनमा ध्यान नदिनु ।
- कक्षा कोठा भित्र शिक्षकको प्रस्तुती कमजोर र फितलो रहनु ।
- विद्यालयको आन्तरिक स्रोतबाट र गा.पा. ले दिएको अनुदानमा राखेका शिक्षक का साथै विद्यालय कर्मचारी र बालविकास सहजकर्ताको तलवमानमा कमि हुनु ।
- शिक्षण सिकाइ कार्यमा सूचना तथा प्रविधी प्रयोग नहुनु ।

**अवसरहरु**

- शिक्षण सिकाइ प्रक्रियामा गुणस्तर र आकर्षण ।
- उपलब्ध स्रोत स्रोत साधनको  अधिकतम प्रयोग ।
- विद्यार्थी र शिक्षक अनुपातमा समानता ।
- दक्ष जनशक्ती छनौटमा सहजिकरण ।

**शिक्षक तयारी पेशागत विकास सहयोग  तार्किक ढाँचा**

| उपलब्धी | नतिजा | मुख्य कार्य सम्पादन मापन सुचकहरु | • मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका आधारहरु |
|---|---|---|---|---|---|
| **प्रभावकारी शिक्षण तथा शिक्षाको गुणस्तर सुधार भएको** | न्युनतम योग्यता तथा सक्षमताको कार्यान्वयन | • तोकिएको सक्षमता पुरा गरेका शिक्षक<br>• शिक्षकको उपस्थिति | • परिमार्जित मापदण्डका आधारमा शिक्षकको नियुक्ति<br>• शिक्षक तालिम तथा पेशागत सहयोग विकास | • आधारभुत तहका .... शिक्षकालाई तालिम<br>• माध्यमिक तहका १०० शिक्षकालाई तालिम | प्रतिबेदन, उपस्थिति, अनुगमन प्रतिबेदन |
| | शिक्षक व्यवस्थापनको सुदृढीकरण | | | | |
| | शिक्षकको दरबन्दी मिलान | | | | |
| | शिक्षकको उपस्थिति तथा कार्य सम्पादनमा सुधार भएको | | | | |
| **शिक्षकको क्षमता विकास तथा कार्यदक्षतमा वृद्धि** | शिक्षकको पेशागत विकास भएको | • तालिम प्राप्त शिक्षकको संख्या | • आधारभुत तहका शिक्षकका पेशागत विकास तालिम ...... जनालाई | • आधारभुत तहका शिक्षकका पेशागत विकास तालिम ३८३ जनालाई | प्रतिबेदन, उपस्थिति, अनुगमन प्रतिबेदन |
| | शिक्षकले सेवाकालिन तालिमा प्राप्त गरेको | | • आधारभुत तहका शिक्षकका पेशागत विकास तालिम ...... जनालाई | | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सबै स्थायी शिक्षकको | | ✓ | | | | | | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य विमा अनिवार्य गर्ने | | | | | | | | |
| २ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह |
| ३ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षहकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने | | ✓ | | | | | | स्थानीय तह |
| ४ | नियमित शिक्षण सिकाई सुनिश्चित गर्न मापदण्ड तयारी गर्ने | | ✓ | | | | | | स्थानीय तह |
| ५ | कमजोर विद्यार्थीका लागि बिशेष सहयोगी कक्षा गर्ने र उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | स्थानीय तह, बिद्यालय |
| ६ | स्थानीय तहमा दरबन्दि मिलान गर्ने | | ✓ | ✓ | | | | | स्थानीय तह |
| ७ | उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने | | ✓ | ✓ | | | | | |

### शिक्षक तयारी पेशागत विकास सहयोग आवश्यक बजेट

| क्र.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १. | सबै स्थायी शिक्षकको स्वास्थ्य विमा अनिवार्य गर्ने | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | | | | |
| २ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा थप सुविधा दिने | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | ✓ | | | | |
| ३ | अस्थायी तथा | ५०००० | १००० | १००० | १००० | १००० | १००० | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय स्रोतबाट नियुक्त शिक्षहकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने | ० | ०० | ०० | ०० | ०० | ०० | | | | | | |
| ४ | नियमित शिक्षण सिकाई सुनिश्चित गर्न मापदण्ड तयारी गर्ने | १००००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | | | | | | |
| ५ | कमजोर विद्यार्थीका लागि बिशेष सहयोगी कक्षा गर्ने र उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | २५०००<br>० | ५००<br>०० | ५००<br>०० | ५००<br>०० | ५००<br>०० | ५००<br>०० | | | | | | |
| ६ | स्थानीय तहमा दरबन्दि मिलान गर्ने | १००००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | | | | | | |
| ७ | उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने | १००००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | २०००<br>० | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

## शिक्षामा सूचना तथा संचार प्रविधि

### परिचय

कुनै पनि विषयका बारेमा खबर लिने र दिने प्रक्रियालाई सूचना भनिन्छ । समयको परिवर्तन भइसकेको छ । आधुनिक समयमा परम्परागत सूचना प्रणालीको अन्त्य गर्दै नवीन सूचना प्रविधिको विकास भइसकेको छ । विशेष गरी आधुनिक समयमा इन्टरनेट , कम्प्युटर , मोबाइल, भिडियो कन्फेरेन्स आदिलाई प्रयोग गरी सूचना आदान प्रदान गरिने कार्यको विकास भइरहेको छ । वर्तमान समयमा शिक्षण सिकाई प्रक्रियामा पनि परम्परागत मान्यतालाई त्यागदै नविनतम् प्रविधिको प्रयोग गरि विश्वमा विकास भएका ज्ञान सिप लाई हामी एक कोठा भित्र सिमित गर्न सक्छौ । जुन विधि वाट आज शिक्षण क्रियाकलापमा निकै सहज भएको छ । सुचना प्रविधिका कारण वर्तमान समयमा सवै क्षेत्रमा पहुँचमा वृद्धि सिकाईको सुनिश्चितता र गुणस्तरमा वृद्धि शिक्षणको गुणस्तरमा वृद्धि,रोजगारीका

अवसर आदीमा निकै सहयोग पुर्‍याएको छ । सुचना प्रविधिको महत्व लाई मध्यनजर गरि अछाम जिल्लाकाको मेल्लेख गा.पा.ले पनि शिक्षाको क्षेत्रमा सूचना प्रविधिको विकास गर्नका लागि १० वर्षे रणनीतिक योजना तयार गरेको छ ।

**वर्तमान अवस्थाः**

नेपाल सूचना तथा सञ्चार प्रविधि नीति २०७२, ले सूचना सञ्चारका संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षा तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना कार्यान्वयन गर्ने उल्लेख गर्ने भनेको छ । यस्तै, डिजिटल नेपालको कार्य ढाँचा २०७६, ले विद्यालय तथा क्याम्पसहरुमा शिक्षा तथा सूचना प्रविधि शिक्षा, जियो-स्प्यासल र जि.आइ.एस. (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धक नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि नीतिहरु उल्लेख गरेको छ । उक्त नीतिमा सबै विद्यालयमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने, इन्टरनेटको पहुँच पुर्‍याउने तथा सीपयुक्त जनशक्ति तयार पार्ने व्यवस्था गरेको छ ।

मेल्लेख गाउँपालिकाले २०७७ साल असारमा गरिएको सर्वेक्षणका आधारमा बालवालिका कम्प्युटर सहितको इन्टरनेटको पहुँचको अवस्था

| रेडियो, एफ.एम. रेडियोको पहुँचमा रहेका बालवलिका | टेलिभिजनमा पहुँच भएका बालवालिका | कम्प्युटर भएको तर अनलाईन कनेक्टिभिटी नभएका विद्यार्थी | इन्टरनेट,सूचना तथा सञ्चार प्रविधिका साधनमा पहुँच भएका बालवालिका |
|---|---|---|---|
| ८६ प्रतिशत | ७ प्रतिशत | २ प्रतिशत | ५ प्रतिशत |

यस गाउँपालिकामा सूचना प्रविधि तथा सञ्चारको विकासका लागि तपशिल बमोजिमका चुनौती तथा अवसरहरु रहेका छन ।

- भौगोलिक विकटता ।
- विद्युतको अभाव ।
- आर्थीक अभाव ।
- सबै वडाका विद्यालयमा इन्टरनेटको पहुँचको अभाव ।

- प्रविधि सम्बन्धि ऐन नियम कानुनको अभाव ।
- दक्ष जनशक्तीको  अभाव ।

अवसरहरु

- शिक्षण सिकाई क्रियाकलापमा वृद्धि ।
- नविनतम् ज्ञानमा सहजै पहँच वृद्धि ।
- Learning by doingशिक्षणमा जोड ।
- Task based activitiesमा सुनिश्चितता ।
- विभिन्न ICT सामग्रीको ज्ञान र सिपमा अभिवृद्धि ।
- विश्वव्यापी ज्ञानको पहुँच अभिवृद्धि ।
- सुचना आदान प्रदानमा सहजता ।

उदेश्य

- विद्यालय तहमा शिक्षामा नविनत्म प्रविधि मार्फत शिक्षण गर्नु ।
- शैक्षिक सेवालाई सर्वसुलभ तथा प्रभावाकारी बनाउन अनलाईन सिकाईको विकास तथा प्रयोगको सुनिश्चित गर्नु ।
- नमुना विद्यालय छनौट गरि शैक्षिक सुचना HUB को रुपमा विकास गर्न ।
- सूचना तथा प्रविधिको विस्तार गरी डिजिटल गाउँपालिकाको  विकास गर्नु ।

रणनीतिहरु

- प्रत्येक विद्यालयमा आधुनिक सुचना प्रविधिका साधनहरु उपलब्ध गराइने छ ।
- विद्यालयमा आधुनिक सुचना प्रविधिको प्रयोग गरि सिकाईको गुणस्तरमा वृद्धि गरिने छ ।
- सबै विद्यालयमा विद्युतिय सिकाई Platform तयार गरी बालवालिकाको प्रयोगको पहुँचमा ल्याईने छ ।
- गाउँपालिकामा रहेका सामुदायिक सिकाई केन्द्र मध्ये एक वटा सिकाई केन्द्रलाई डिजिटल सिकाई तथा व्यवसायिक सीप विकास तथा अनौपचारिक एवंम निरन्तर सिकाईमा विकास गरिने छ ।
- आधुनिक सुचना प्रविधिका वारेमा सम्पुर्ण विद्यालयमा सवै शिक्षक लाई तालिमको व्यावस्था गरिने छ ।
- नमुना विद्यालय छनौट गरि सुचना HUB को रुपमा विकास गरिने छ ।
- प्रत्येक विद्यालयमा विधुत सेवा विस्तार गरिने छ ।
- गाउँपालिका स्तरमा विद्युतीय पठन सामग्री भएको अनलाईन सिकाई Platform निर्माण गरिने छ ।

## सूचना प्रबिधिको तार्किक ढाँचा

| उपलब्धी | नतिजा | मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका आधारहरु |
| --- | --- | --- | --- | --- |
| शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयुक्त प्रयोग | विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पुर्वधारलाई सुदृढी गरिएको ।<br>सुचना तथा प्रविधिको प्रयोग गरी कक्षाकोठामा शिक्षण भएको ।<br>सूचना तथा प्रविधिको प्रयोगमा बालबालिकाको पहुँच भएको । | • कम्प्युटर तथा इन्टरनेटको विस्तार<br>• | • सबै माध्यामिक तथा ६ देखि ८ सम्मका विद्यालयमा कम्प्युटर तथा सहयोग गर्ने ।<br>• सबै माध्यामिक तथा ६ देखि ८ सम्मका विद्यालयमा इन्टरनेटको विस्तार गर्ने ।<br>• विद्यालयमा विद्युतीय पुस्तकालयको निर्माण गर्ने ।<br>• गाउँपालिका स्तरमा अनलाई सिकाई सामग्री स्थापना गर्ने । | IEMIS data<br>विद्यालयको प्रतिबेदन |

## कार्यक्रम वा क्रियाकालाप कार्यान्वयन तालिका

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | गाउँपालिमा तथा ठुल्लाE-libraryको स्थापना गर्ने | संख्या | ० | ० | १ | ० | ० | | संघ, स्थानीय तह |
| २ | सबै विद्यालयमा इन्टरनेटको सुविधा प्रदान गर्ने | विद्यालय | | १० | १५ | ० | ० | | संघ, स्थानीय तह |
| ३ | सबै माध्यामिक विद्यालयमा कम्प्यूटरमा संचालन गर्ने । | विद्यालय | | १० | १५ | ० | ० | | संघ, स्थानीय तह |
| ४ | सूचना प्रविधि मार्फत कक्षा संचालन गर्ने । | विद्यालय | १० | १० | १० | १० | १० | | संघ, स्थानीय तह |

## विद्यालय नेतृत्व विकास तथा सुशासन

### परिचय

शासन शब्दमा 'सु' उपसर्ग लागेर सुशासन शब्दको निर्माण भएको हो । जसमा सु को अर्थ राम्रो र शासनको अर्थ व्यावस्था भन्ने वुझिन्छ । यस कारण सुशासन भनेको जुन ठाउँमा जनताको सर्वोत्तम हितका लागी काम गरिन्छ । जहाँ पारदर्शिता रहन्छ, भ्रष्टचार हुदैन, हत्या हिंसा हुदैन, मावव अधिकार लगायतका मानविय अधिकारको उचित रुपमा सहि तरिकाले उपभोग गरिन्छ । त्यस्तो शासन व्यावस्था नै शुसाशन हो । शुसासन लाई विधिको शासन पनि भनिन्छ । विद्यालय सुशासनको अवधारणा सन् १९८९ वाट सुरु भएको हो । विद्यालय सुशासन भनेको विद्यालय प्रशासन लाई स्वच्छ, सक्षम, पारदर्शी र जनउत्तरदायी शासन भ्रष्टचार रहित गुणस्तरीय शिक्षामा सवैका लागी समान र सहज पहुँच विस्तार गरिनु लाई नै विद्यालय सुशासन भनिन्छ ।

विद्यालय सुशासनमा विद्यालयका हरेक गतिविधी सम्पन्न गर्नका लागी कामको वाँडफाँड जिम्मेवारीको किटानी अधिकारको प्रत्यायोजन गर्दै अभिभावक भेला र भेटघाट सार्वजनिक सुनुवाई नागरिक वडापत्र सामाजिक परिक्षण गुनासो सुनुवाई सुचना पाटी सुचना अधिकारी वार्षिक तथा दैनिक तालिका SMC / PTA को नियमित वैठक,विद्यालयका गतिविधि झल्काउने र सवैको पहुँचमा पुर्‍याउन Website, Facebook page, mass media को प्रयोगमा जोड दिनु नै विद्यालय सुशासन अर्न्तगत पर्दछ । मेल्लेख गाँउपालिकाले पनि शिक्षा क्षेत्रमा सुशासन संचालन गर्नका लागी शिक्षाका राष्ट्रिय ऐन कानुन र नियमावलीहरु लाई मध्यनजर गर्दै गाँउपालिकाले सुशासन लाई अवलम्बन गरि सुसाशन प्रर्बधनका लागी आफ्नो १० वर्षे शैक्षिक रणनीतिक योजनामा सुशासन लाई जोड दिएको छ ।

### उदेश्यहरु

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा शिक्षकको क्षमता अभिवृद्धि गरी विद्यालयको अनुगमन तथा योजनामा सहभागीतमा वृद्धि गर्नु।
- विद्यालयसमग्र सुधारका लागि विद्यालय सुधार योजना तयार गर्नु ।
- जवाफदेहीता तथा पारदर्शीता अभिवृद्धि गर्नु ।
- विद्यालयमा आँचार संहिता निर्माण गर्नु ।
- सुझाव  गुनासो पेटिका तथा सार्वजनिक सुनुवाई संयन्त्र विकास गर्नु ।

### रणनीति

- बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि गरिने छ ।
- विद्यालयको समग्र विकासका लागि विद्यालय सुधार योजना गरी लागु गरिने छ ।
- सामाजिक परीक्षण तथा लेखापरीक्षण गरिने छ ।
- बिद्यालयमा आचार संहिता तयार गरी गुनासो सुन्ने र सम्बोधन गर्ने प्रणाली तयार गरिने छ ।

### विद्यालय नेतृत्व विकास तथा सुशासन  तार्किक ढाँचा

| उपलब्धी | नतिजा | मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका आधारहरु |
|---|---|---|---|---|
| **संस्थागत व्यवस्थापन तथा नेतृत्व सुदृढ भएको** | शिक्षकलाई क्षमता विकास भएको<br>विद्यालय व्यवस्थापन समितिको क्षमता विकास भएको<br>विद्यालय विकासको लागि बिद्यालय योजना बनी कार्यान्वयन भएको | • शिक्षकलाई तालिम<br>• वि.व्य.स. तथा शि.अ.स.लाई काम कर्तव्य अधिकारका बारेमा अभिभुखीकरण<br>• विद्यालय सुधार योजना तयार गर्ने । | • ८० जना शिक्षक, वि.व्य.स. लाई क्षमता विकास कार्यक्रम गने ।<br>• १५० जनालाई विद्यालय सुधार योजना सम्बन्धि अभिमुखीकरण | प्रतिबेदन, उपस्थिति |
| **विद्यालयमा सुदृढ वित्तिय व्यवस्थापन** | विद्यालयमा सामाजिक लेखापरीक्षण भएको<br>विद्यालयमा बालबालिकाको शैक्षिक उपलब्धीको लेखाजोखा भएको<br>समयमै लेखापरीक्षण भएको | • सामाजिक लेखापरीक्षण गर्ने<br>• अभिभावक भेला तथा शैक्षिक अन्तरक्रिया गर्ने<br>• | • ४१ विद्यालयले सामाजिक लेखापरीक्षण गरको | प्रतिबेदन, उपस्थिति |

### कार्यक्रम वा क्रियाकलाप कार्यान्वयन तालिका

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीलाई जिम्मेवारीका बारेमा अभिमुखीकरण गर्ने | संख्या | ५० | २०० | १०० | ५० | ० | | स्थानीय तह, बिद्यालय |
| २ | बि.व्य.स. तथा शि.अ.सं को बैठक संचालन गर्ने | संख्या | १२० | १२० | १२० | १२० | १२० | | स्थानीय तह, बिद्यालय |
| ३ | अभिभावक भेला गर्ने | पटक | ८२ | ८२ | ८२ | ८२ | ८२ | | स्थानीय तह, बिद्यालय |
| ४ | समयमै सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने | संख्या | ४१ | ४१ | ४१ | ४१ | ४१ | | स्थानीय तह, बिद्यालय |
| ५ | नियमित रुपमा विद्यालयको | पटक | ८२ | ८२ | ८२ | ८२ | ८२ | | स्थानीय तह, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुगमन गर्ने | | | | | | | | बिद्यालय |
| ६ | बिद्यालयमा आचार संहित निर्माण गरी लागु गर्ने | संख्या | ४१ | ० | ० | ० | ० | | स्थानीय तह, बिद्यालय |
| ७ | गुनासो पेटिकाको व्यवस्थापन गर्ने र सुनुवाई गर्ने | संख्या | ४१ | ० | ० | ० | ० | | स्थानीय तह, बिद्यालय |

## विद्यालय नेतृत्व विकास तथा सुशासनमा आवश्यक बजेट

| क.सं. | शिर्षक | अनुमानित कुल आवश्यक बजेट | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | बजेटको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागीता | अन्य |
| १. | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीलाई जिम्मेवारीका बारेमा अभिमुखीकरण गर्ने | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | | | | |
| २ | बि.व्य.स. तथा शि.अ.सं को बैठक संचालन गर्ने | ५००००० | १००००० | १००००० | १००००० | १००००० | १००००० | | | | | | |
| ३ | समयमै सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने | २५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | | | | | | |
| ५ | नियमित रुपमा विद्यालयको अनुगमन गर्ने | १०००००० | २००००० | २००००० | २००००० | २००००० | २००००० | | | | | | |
| ६ | बिद्यालयमा आचार संहित निर्माण गरी लागु गर्ने | १००००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | | | | | | |
| ७ | गुनासो पेटिकाको व्यवस्थापन गर्ने र सुनुवाई गर्ने | १००००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | अभिभावक शिक्षक विद्यार्थी अर्न्तक्रिया कार्यक्रम | २००० ०० | २००० ०० | २००० ०० | २००० ०० | २००० ०० | २००० ०० | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

### शिक्षकको पेशागत सहयोग तथा विकास

### पृष्ठभुमिः

शिक्षकहरुको दैनिक शिक्षण क्रियाकलापमा प्राविधिक सहयोग कर्ता, प्र.अ. विज्ञ शिक्षक वा विषय विज्ञहरुबाट नियमित कक्षा अवलोकन,अनुगमन र निरिक्षण मार्फत शिक्षण सिकाई क्रियाकलापमा सहजता ल्यानु र शिक्षकलाई आवश्यक प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउनु नै शिक्षक पेशागत सहयोग हो ।

शिक्षकको पेशागत विकास मार्फत शिक्षण सिकाईमा सुधार ल्याई विद्यार्थीको शिकाई उपलब्धी वृद्धि गर्न वास्तविक कक्षाकोठामा शिक्षण र सिकाईका क्रममा भएका कमीकमजोरीलाई हटाउन अवलोकन अनुगमन मार्फत प्रभावकारी शिक्षण सिकाई संञ्चालनमा सहयोग गर्नु, आवश्यक छलफल, अन्तरक्रिया र सकारात्मक प्राविधिक पृष्ठपोषण प्रदान गर्नु आवश्यक छ ।

### वर्तमान अवस्था

वर्तमान परिवेशमा स्थानिय स्तरमा शिक्षकको पेशागत सहयोगको प्रणाली नभएको हुदा शिक्षकको पेशागत सहयोग दक्षता अभिवृद्धिका लागि नियमित रुपमा coaching, mentoring counselling तथा पृष्ठपोषणका क्रियाकलाप संचालन हुन सकिरेहका छैनन । विद्यालय भित्र शिक्षकलाई उनीहरुको पेशागत विकासका लागी अनुगमन, पृष्ठपोषण तथा coaching, mentoring को अभाव देखिन्छ । विद्यालयमा नियमित रुपमा प्रधानाध्यापकले कक्षा अनुगमन गर्ने र पृष्ठपोषण तथा सहयोगको अभ्यास गरेको देखिन्छ जसले गर्दा शिक्षकले भोगेका समस्याहरु समाधान गर्न नसकिएको तथा पेशागत दक्षता क्रियाकलपा संचालन गरिएको हुदा बालवालिकाको गुणस्तरमा कमी भएको देखिन्छ । अर्कातिर साप्ताहिक तथा मासिक कर्मचारी बैठक नहुने गरेको तथा भएपनि पेशागत दक्षता अभिवृद्धिका विषयमा छलफल नहुनेगरेकोएको देखिन्छ ।

त्यसैगरी गाउँपालिकामा पनि शिक्षक पेशागत सहयोग प्रणाली विकास नभएको देखिन्छ । गाउँपालिकाद्धारा बिद्यालयको नियमित अनुगमन तथा पृष्ठपोषण दिने अभ्यास नभएको देखिन्छ । अर्का तर्फ शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्ति दैनिक प्रशासनिक काममा व्यस्त भएको हुदा उनीह वाट बिद्यालयम नियमित अनुगमन तथा सहयोग प्रदान गर्न नसकिएको देखिन्छ । यस्तो अवस्थामा पालिका स्तरमा शिक्षक पेशागत सहयोग प्रणालीको स्थापना गनुपर्ने आवश्यकता देखिन्छ ।

उद्धेश्यहरुः

- विद्यालय तथा कक्षाकोठामा हुने शिक्षण सिकाई क्रियाकलापहरुमा प्राविधिक सहयोग सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्दै शिक्षकहरुलाई पेशागत सहयोग प्रदान गर्नु ।
- गाउँपालिका तथा विद्यालय स्तरमा शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी विद्यालय तहको अनुगमन, कक्षा,अवलोकन गरी शिक्षक पेशागत विकासकालगि आवश्यक सहयोग गर्नु ।
- बिद्यालय अनुगमनबाट आएका finding and sharing का लागि पालिका स्तरमा समिक्षात्मक बैठक संचालन गर्नु ।
- शिक्षको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागी पालिका स्तरमा विज्ञ समुह,साथी समुह रोस्टर समुह गठन गर्नु ।

रणनीति

- स्थानीय स्तरमा सुहाउदो शिक्षक पेशागत विकास कार्यबिधि तयार गरी लागु गरिने छ ।
- गाउँपालिका स्तरमा शिक्षक पेशागत सहयोगका लागि संयन्त्रको स्थापना तथा विकास गरिने छ ।
- विद्यालय स्तरमा प्र.अ.को संयोजकत्वमा मुल समिति गठन गरि त्यस मातहतमा रहने गरी तहगत शिक्षको समुह गठन  गरिने छ ।
- शिक्षक पेशागत सहयोगका लागि ठुला विद्यालय पहिचालन गरी साना विद्यालयलाई सहयोग गर्ने नीति अवलम्बन गरिने छ ।
- विद्यालय तहमा शिक्षक-शिक्षक वीच अनुभव आदनप्रदानका लागि शुक्रबारीय बैठक संचालन गरिने छ ।
- बिद्यालयमा अनिवार्य रुपमा पाठयोजना तयारी गरी शिक्षक बीच sharing and caring सोही पाठयोजना बमोजिम कक्षा सहजीकण गर्ने तथा अनुभव आदान प्रदानको संयन्त्र निर्माण गरिनेछ  ।
- गाउँपालिकाद्धारा नियमित  रुपमा विद्यालयको अनुगमन गरी शिक्षकको पेशागत सहयोगको लागि आवश्यक सहयोग तथा पृष्ठपोषण प्रदान गर्नूका साथै आवश्यकता कार्यक्रमको तय गरिने छ ।
- शिक्षकोको पेशागत सहयोग र विद्यालय सुपरिवेक्षण कार्यका लागी पालिका स्तरमा विज्ञ समुह,साथी समुह, रोस्टर समुह गठन गरि परिचालन गरिने छ ।
- विषयगत सिकाई समुह गठन गरि परिचालन गरिने छ ।
- अन्तरविद्यालय सिकाई आदनप्रदान भ्रमण संचालन गरिने छ ।
- अन्तरविद्यालय कक्षा सहजीकरण संचालन गरी अनुभव आदान प्रदान गरिने छ ।

- शिक्षक पेशागत सम्बन्धि उत्तम अभ्यास, चुनौती आदान प्रदान गर्न अन्य पालिकासंग समन्वय तथा सहकार्य गरिने छ ।
- शिक्षक पेशागत सहयोगमा भएका क्रियाकलाप, उपलब्धी, चुनौती तथा असल अभ्यासलाई दस्तावेजीकरण गरी सरोकारवाला वीच प्रबोधीकरण गरिने छ ।

## शिक्षक पेशागत सहयोगको तार्किक ढाँचा

| उपलब्धी | नतिजा | मुख्य कार्य सम्पादन मापन सुचकहरु | मुख्य कार्यक्रहरु | ५ वर्षको भौतिक लक्ष्य | पुस्टाईका आधारहरु |
|---|---|---|---|---|---|
| शिक्षक पेशागत सहयोगका लागि संयन्त्र निर्माण भएको | पालिका स्तरमा बिज्ञ समुह गठन भएको | • समिति गठन<br>• आवश्यक निर्देशिका निर्माण<br>• बिद्यालयमा अनुगमन | समिति गठन तथा काम कर्तव्य बारेमा अभिमुखीकरण<br>निर्देशिका तयारीका लागि अभिमुखीकरण<br>विद्यालय अनुगमन तथा सहयोग<br>विद्यालय स्तरमा बैठक | • गाउँपालिका स्तरमा विज्ञ समुह गठन भएको<br>• सबै विद्यालय तहमा शिक्षक सिकाइ समुह गठन हुने<br>• साना विद्यालयलाई सहयोग गर्ने प्रणाली विकास हुने। | बैठक पुस्तिका<br>बिभिन्न निर्णय<br>प्रतिबेदन |
| | शिक्षक सिकाई समुह गठन भएको | | | | |
| | विद्यालय तहमा तहगत शिक्षक सिकाई समुह गठन भएको | | | | |
| | शिक्षक पेशागत सहयोगका लागि स्थानीय निर्देशिका तथा योजना निर्माण भएको | | | | |
| | पालिका स्तरमा बिद्यालयको अनुगमन, सुपरीवेक्षण संयन्त्र निर्माण भएको | | | | |
| | विद्यालय तहमा शुक्रबारीय बैठक संचालन भएको | | | | |
